महालेखापरीक्षकको वार्षिक प्रतिवेदन २०७९

शैलुङ गाउँपालिका, दोलखा

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (Mission)

देशमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता (Core Values)

स्वतन्त्रता	(Independence)
निष्ठा	(Integrity)
पारदर्शिता	(Transparency)
जवाफदेहिता	(Accountability)
व्यावसायिकता	(Professionalism)

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । उल्लिखित संवैधानिक तथा कानुनी व्यवस्था एवं नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा यस स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका पक्षबाट विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गर्नु तथा सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।लेखापरीक्षणमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा, कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जवाफदेहिता एवं पारदर्शिता, सेवा प्रवाह लगायतका विषयहरुको मूल्याङ्कन गरिएको छ ।

लेखापरीक्षणमा मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण तथा स्रोत व्यवस्थापन, आय सङ्कलन, राजस्व छुट, बजेट अनुशासन, वर्षान्तको खर्च, खरिद व्यवस्थापन, अनुत्पादक तथा वितरणमुखी खर्च, योजना प्राथमिकीकरण, आयोजना छनोट, उपभोक्ता समितिबाट भएका निर्माण कार्य, दीर्घकालीन विकासका खाका तर्जुमा लगायतका व्यहोरा औंल्याइएको छ ।

लेखापरीक्षणबाट स्थानीय तहमा आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फर्स्योट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरूमा सुधार तथा गत विगतका बेरुजू उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको छ । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीबाट स्थानीय तहका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

(टंकमणि शर्मा दंगाल)

२०७९ आषाढ **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

अनामनगर, काठमाडौं, नेपाल

Anamnagar, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण निर्देशनालय, बागमती प्रदेश

पत्र संख्याः २०७८।७९
च.नं. ५७९ मितिः २०७९।३।२४

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
शैलुङ गाउँपालिका, दोलखा ।

कैफियत सहितको राय

हामीले यस गाउँपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. यस गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्णरुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू.२ करोड ६२ लाख ४६ हजार बेरुजू देखिएको छ। यस बर्ष कायम बेरुजू मध्ये असुल गर्नुपर्ने रू.२ लाख ७९ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.१ करोड २३ लाख ३५ हजार, नियमित गर्नुपर्ने रू.८७ लाख ३२ हजार र पेश्की रू.४९ लाख रहेको छ ।पालिकाको गतवर्ष सम्म रु ५ करोड ९२ लाख ९६ हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष सम्परीक्षणबाट फछ्र्यौट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु ५ करोड १३ लाख ३३ हजार रहेको छ ।गाँउपालिकाको **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थिति यसैसाथ संलग्न छ ।**
३. यस गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ। कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(त्रिलोचन आचार्य)
नायब महालेखापरीक्षक

शैलुङ गाउँपालिका, दोलखा

बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

२०७७।७८

(रु. हजारमा)

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्यौंट			बाँकी बेरुजु			बेरुजु						
दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम	असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजस्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	
५५	२९	२६२४६	०	०	०	५५	२९	२६२४६	२७९	८७३२	१२३३५	०	०	२१०६८	४९००

अद्यावधिक बेरुजू स्थिति

२०७७।७८

(रु. हजारमा)

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्षको फछ्यौंट	बाँकी बेरुजू	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
दोलखा	५९२९६	०	३४२०९	२५०८७	०	२६२४६	५१३३३

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : शैलुङ गाउँपालिका, दोलखा , सैलुंङ गाउँपालिका , दोलखा

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	सन्तोष दाहाल	२०७८-१-२०	हाल सम्म कार्यरत
कार्यालय प्रमुख	अशोक विष्ट	२०७७-१०-१	
कार्यालय प्रमुख	राजु प्रसाद साह	२०७७-४-१	
लेखा प्रमुख	दामोदर पन्थी	२०७७-४-१	
		बेरुजु रकम	२६,२४६,१०१

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		२,३८,८६,७२३	
आम्दानी		**खर्च**	
संघीय सरकारबाट अनुदान	३६,०८,५०,२०७	**चालु खर्च**	२७,०७,७६,३६६
प्रदेश सरकारबाट अनुदान	४,९२,७८,२००	**पूँजीगत खर्च**	२१,६६,०१,७०७
राजश्व बाँडफाँट	७,८१,५३,८१०	**वित्तीय/अन्य व्यवस्था**	११,१८,६४,०३८
आन्तरिक आय	८४,८८,४०७		
अन्य आय	११,७८,०५,७८१		
कुल आय	६१,४५,७६,४०५	**कुल खर्च**	५९,९२,४२,१११
बाँकी मौज्दात		३,९२,२१,०१७	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१			परिचय	

आर्थिक कारोबारोको स्थिति

कार्यालयको नामः शैलुङ्ग गाउँकार्यपालिकाको कार्यालय, दोलखा

पद	नाम	कार्यरत अवधि		बेरुजु रकम
कार्यालय प्रमुख	श्री राजु प्रसाद साह	2077.04.01	2077.09.29	
	श्री अशोक विष्ट	2077.10.01	2077.11.31	
	श्री सन्तोष दाहाल	2077.12.01	2077.3.31	
लेखा प्रमुख	श्री दामोदर पन्थी	2077.04.01	2077.03.31	

आयव्यय (रु. हजारमा)

गत वर्षको मौज्दात	यस वर्षको थप	जम्मा रकम	खर्च रकम	बाँकी रु.
२३८८७	५१०६१५	५३४५०२	४९८१२७	३६३७५

परिचयः

स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाँउपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवद्र्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाँउपालिकाको उद्देश्य रहेको छ । यस गाँउपालिका अन्तर्गत ८ वडा, ४४ सभा सदस्य मध्ये हाल ४२ जना, १२८.६७वर्ग किलोमिटर क्षेत्रफल तथा २० हजार ९८ जनसंख्या रहेको छ ।

स्थानीय सञ्चितकोषः

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम गाँउपालिकालेप्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार सञ्चालनमा भएका आय-व्यय हिसाबको आर्थिक वर्ष 207७/ 7८को कोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छः

विवरण	टिप्पणी	यस वर्ष रु.			
		बजेट	आफैले गरेको प्राप्ति/भुक्तानी	वस्तुगत/सोभै भुक्तानी	जम्मा
प्राप्ती (क+ख)		६४,३१,८१,१५५.५४	510615974.2		510615974.2
क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)		६०,७५,२२,४५१.०४	493925192.9	०	493925192.9
११००० कर	११	९,०६,४९,५३०	78153810.63	०	78153810.63
१३००० अनुदान		५०,९२,०२,९२१.०४	412807462.5	०	412807462.5
संघीय सरकार	१२	३९,६०,६५,५४०	360850207.5	०	360850207.5
प्रदेश सरकार	१२	४,९२,७८,०००	४,९२,७८,२००	०	४,९२,७८,२००
अन्तरिक श्रोत	१२	६,३८,५९,३८१.०४	४७८८४०७	०	४७८८४०७

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय								बेरुजु रकम
				१४००० अन्य राजस्व		७६,७०,०००	३७०००००	०	३७०००००		
				ख. अन्य प्राप्ति		३,५६,५८,७०४.५०	१,६६,९०,७८१.३८		१,६६,९०,७८१.३८		
				वितरण गर्न बाकी राजस्व		०	०	०	०		
				कोषहरु		१,०६,४८,७०४.५०	१,०७,७७,२६४.५०	०	१,०७,७७,२६४.५०		
				धरौटी		०	५९,१३,५१६.८८	०	५९,१३,५१६.८८		
				संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम		२,५०,१०,०००	०	०	०		
				भुक्तानी (ग+घ)		६६,९०,६६,२४४.५०	४९,८१,२७,११२.१४		४९,८१,२७,११२.१४		
				ग. भुक्तानी (सञ्चित कोषबाट)		६३,३४,०७,५४०	४८,७३,७८,०७३.३१		४८,७३,७८,०७३.३१		
				२१००० पारिश्रमिक / सुविधा	१८	१४,२०,८६,५४०	१२,१२,५५,७०४.७७	०	१२,१२,५५,७०४.७७		
				२२००० मालसामान तथा सेवाको उपयोग	१८	१३,७५,६६,०००	९,९६,०४,५१८.९१	०	९,९६,०४,५१८.९१		
				२५००० सहायता (Subsidy)	१८	२,३१,०१,०००	२,२७,३५,७७२	०	२,२७,३५,७७२		
				२६००० अनुदान	१८	१,५२,१६,०००	१,५०,२१,०१६	०	१,५०,२१,०१६		
				२७००० सामाजिक सुरक्षा	१८	१,६२,१०,०००	१,१२,१४,९१४.५०	०	१,१२,१४,९१४.५०		
				२८००० अन्य खर्च	१८	१५,२०,०००	९,४४,४४०	०	९,४४,४४०		
				३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च	१८	२९,७७,०८,०००	२१,६६,०१,७०७.१३	०	२१,६६,०१,७०७.१३		
				घ. अन्य भूक्तानी		३,५६,५८,७०४.५०	१,०७,४९,०३८.८३		१,०७,४९,०३८.८३		
				कोषहरु		१,०६,४८,७०४.५०	९१,१०,४०५.८३	०	९१,१०,४०५.८३		
				धरौटी		०	१६,०६,६३३	०	१६,०६,६३३		
				संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम		२,५०,१०,०००	०	०	०		
				कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी			०		०		
				ङ. यो वर्षको बचत (न्युन)		(२,५८,८५,०८८.९६)	१२४८८८६२.१		१२४८८८६२.१		

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			(continued below)	

च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या)			२,३८,८६,७२३.५४		२,३८,८६,७२३.५४
वर्षान्तको बाकी रकम (ङ + च)		(२,५८,८५,०८८.९६)	३६३७५५८५.६४		३६३७५५८५.६४
बैंक तथा नगद बाकी	24		३६३७५५८५.६४		३६३७५५८५.६४

गाँउपालिकाले पेश गरेको वित्तिय प्रतिवेदनमा समावेश नभएका अन्य खर्च शिर्षकहरु निम्नानुसार छन् ।

सि.नं.	**खर्च शीर्षक**	**निकासा रकम**	**खर्च रकम**
१	सामाजिक सुरक्षा तथा संरक्षण	७४६२९८२०	७४६२९८२०
2	गरिव सँग विश्वेश्वर कार्यक्रम	५४६०००	५४६०००
४	स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम	२९६२५००	२९६२५००
५	प्रदेश पूर्वाधार विकास साझेदारी कार्यक्रम	5828750	5828750
७	लोक सेवा आयोग	१३५०००००	१३५०००००
८	एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम	१०६५००००	१०६५००००
	जम्मा		

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२			**पेश्की**	४,९००,०००

पेश्की

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, 2077 को नियम ४७ मा तोकिएको समय अवधि भित्र पेश्की फछ्र्यौट् गर्नुपर्ने व्यवस्था रहेको छ। कार्यालयले पेश गरेको विवरण अनुसार वर्षान्तमा म्याद ननाघेको पेश्की रु.२५४३४०० र म्याद नाघेको पेश्की रु.४९०००० गरी रु.७४४३४०० को पेश्की बाँकी रहेको छ। नियमानुसार बाँकी पेश्की समयमै फर्छयौट गर्नुपर्दछ। म्याद नाघेको फर्छयौट गर्न बाँकी पेश्की रु.

सि.नं.	पेश्की लिने ब्यक्ती फर्म वा कम्पनीको नाम	चालु आ. व.		
		म्याद ननाघेको	फछ्र्यौटको अन्तिम म्याद	म्याद नाघेको
१	उमा एण्ड कम्पनी - टक्सार - काली जे. भी.	२५४३४००	०१/०८/२०७८	०
२	सोवर्ण निर्माण सेवा	०	२०७८/०४/३२	४९००००००
जम्मा		२५४३४००		४९०००००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३			**वित्तीय विश्लेषण** स्वीकृत ढाँचा स्थानीय सरकार सञ्चालन ऐन,2074 को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस गाँउपालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेता पनि सबै आर्थिक कारोबारलाई समेट्न सकेको देखिएन । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् । क) प्रस्तुत स्थानीय संचित कोष व्यवस्थापन प्रणाली ढाँचाको प्रतिवेदनले यस वर्षको आय रु. ५१ करोड ०६ लाख १५ हजार र गत वर्षको मौज्दात रु. २ करोड ३८ लाख ८६ हजार समेत गरी जम्मा रु.५३ करोड ४५ लाख ०२ हजार र कुल भुक्तानी रु.४९ करोड ५१ लाख २७ हजार देखाई मौज्दात रु. ३ करोड ६३ लाख ७५ हजार देखिन्छ । ख) गाँउपालिकाले स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (SUTRA) ले देखाएको आय-व्यय विचको फरक सम्बन्धमा कारण र आधार प्रस्तुत गरी लेखा टिप्पणी सहित खुलासा गरेको छैन । ग) जिम्मेवारी फरक परेको – स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु.६ करोड ८० लाख ७० हजार मौज्दात कायम भएकोमा यो वर्षको शुरुमा रु.३ करोड ६३ लाख ७५ हजार जिम्मेवारी सारेको देखियो । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.३ करोड रु.१६ लाख ९५ हजार घटी जिम्मेवारी सरेको सम्बन्धमा गत वर्ष फिर्ता गर्नुपर्ने रकम आ.व.०७८।०७९ को भाद्र महिनामा फिर्ता पठाएको हुदा अल्या गरेको रकम कम भएको कार्यालयले जनाएको छ। ग) संचित कोष व्यवस्थापन प्रणालीले प्रस्तुत गरेको म ले प फारम नं 272 ले आन्तरिक स्रोत बापत ६६ लाख ६३ हजार देखाएकोमा कार्यालयले पेश गरेको विवरणमा आन्तरिक स्रोत बापत ८४ लाख ८८ हजार देखिन्छ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४			**आन्तरिक नियन्त्रण** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन। • स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 11 अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन । • स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा पालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन । • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले हालसम्म २३ ऐन, ५ नियमावली, १७ कार्यविधि, ८ निर्देशिका, १ नर्म्स, १ मापदण्ड, ७ नीति, १आचारसंहिता समेत ६३ कानुन एवं कार्यविधि निर्माण गरी कार्यान्यनमा ल्याएको छ । • अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन । • सार्वजनिक खरिद नियमावली, 2064 को नियम 7 र 8 मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन। • संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन । • निजामती सेवा ऐन, 2049 को दफा ५ क वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागू गरेको पाईएन । • पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन। • राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन । • स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन। • दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन । • पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो । • वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन । • जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन । • कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद बिल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन । • ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन। • स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन । • सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन। • वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला व्यवस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन । तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।	
५			**योजनामा दोहोरोपना** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा पालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्ने एंव सोही ऐनको दफा ६९ मा तोकीए अनुसार पालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्ने व्यवस्था भए बमोजिम आर्थिक कार्य प्रणाली व्यवस्थापन गर्नुपर्दछ ।	
६			**समन्वय** स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ६७ मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथ मिकीकरण, विषयक्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन कार्यक्रमको आपसी तादम्यता तथा परिपूरकता मिलाउने व्यवस्था छ । योजना छनौट एवं सञ्चालन गर्दा संघीय सरकार, प्रदेश सरकार अन्तर्गतका निकायबाट सञ्चालित योजना र पालिकाबाट सञ्चालित योजनाबीच दोहोरोपना हुन नदिन आवश्यक समन्वय सहयोगको प्रणाली स्थापित गरी कार्य गर्नुपर्नेमा सो भए गरेको देखिएन । यस वर्ष गाँउसभाबाट स्वीकृत भई बजेट विनियोजन भएका कतिपय योजनामा प्रदेश तथा केन्द्रीय वजेटवाट र कतिपय कार्यक्रममा गाउँपालिकाबाट समेत थप बजेट छुट्याएको देखिएबाट योजनामा बजेट दोहोरो परेको अवस्था छ । एउटै योजना तथा कार्यक्रम दोहोरो तथा तेहेरो रुपमा सञ्चालन नगरी बजेट एकै ठाउँबाट सञ्चालन गर्ने व्यवस्थाको लागि विगतको समेत अभिलेख अद्यावधिक हुन जरुरी देखिएको छ ।	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>७</td><td></td><td></td><td>बजेट पेश तथा पारित
स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा 207७/3/१० मा नीति तथा कार्यक्रम र बजेट पेश भई रु. ५८ करोड २२ लाख ४४ हजारको बजेट मिति २०७७।३।११ पारित भएको छ। यसैगरी स्थानीय तहका प्रमुखले 207७/३/१७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।</td><td></td></tr>
<tr><td>८</td><td></td><td></td><td>कार्यक्रम संचालन
गाउँपालिकाले आफ्नो वार्षिक कार्यक्रम प्रदेश र संघीय सरकार वा निकायलाई र संघीय सरकार र प्रदेश सरकारका निकायबाट पालिका भित्र गरिने कार्यको जानकारी पालिकालाई गराई समन्वयात्मक किसिमले कार्य गर्ने संयन्त्रको विकास गर्नुपर्दछ।</td><td></td></tr>
<tr><td>९</td><td></td><td></td><td>रकम फिर्ता
आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली 2077 को नियम 45(1) मा संघीय संचित कोषबाट प्रदेश तथा स्थानीय तहमा भएकव वित्तीय हस्तान्तरणको रकममध्ये सम्वन्धित आर्थिक वर्षभित्र खर्च नभइ जुनसुकै खातामा बाँकी रहेको सशर्त अनुदान , समपूरक अनुदान र विशेष अनुदानको रकम सवही आर्थिक वर्षभित्र सम्वन्धित प्रदेश तथा स्थानीय तहले संघीइ संचित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ ।पालिकाले यस आ व मा विभिन्न शिर्षकमा प्राप्त आयमा भएको भुक्तानी अनुसार बाँकी रकम केन्दिय तथा प्रदेश कोषमा फिर्ता पठाएको विवरण निम्नानुसार रहेको छ । छ जस अनुसार पालिकालाई रु.३० करोड २४ लाख ४३ हजार रहेकोमा २८ करोड २८ लाख २८ हजार खर्च भई सम्बन्धित तहका संचितकोषमा रु.१ करोड ९६ लाख १४ हजार फिर्ता गरेको कार्यालयले जनाएको छ।</td><td></td></tr>
<tr><td>१०</td><td></td><td></td><td>खर्च बिश्लेषण तथा प्रगति विवरण</td><td></td></tr>
<tr><td>१०.१</td><td></td><td></td><td>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३५(१) मा कार्यक्रम कार्यान्वन गर्ने प्रत्येक कार्यालये अनुसुचि २ बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गर्नुपर्ने व्यवस्था रहेको छ ।गाँउपालिकाले उपलब्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ ।वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप चौमासिक व्यवस्थापन गरी खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।कार्यालयले उपलब्ध गराएको चौमासिक खर्च प्रगति विवरण निम्न बमोजिम छन्।
<table>
<tr><th rowspan="2">सि.नं</th><th rowspan="2">खर्च शीर्षक</th><th rowspan="2">कुल खर्च</th><th colspan="3">चौमासिक खर्च (रु.हजारमा)</th><th rowspan="2">आषाढ महिनाको मात्र खर्च</th></tr>
<tr><th>प्रथम चौमासिक</th><th>दोस्रो चौमासिक</th><th>तेस्रो चौमासिक</th></tr>
<tr><td>1</td><td>सवै</td><td>४८७३७८०७३.३१</td><td>७०३६०४२३.४७</td><td>१०३८७५३५७.६१</td><td>३१३१४२२९२.२३</td><td>२०८५६२१६६.२३</td></tr>
</table></td><td></td></tr>
<tr><td>१०.२</td><td></td><td></td><td>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३५(१) मा कार्यक्रम कार्यान्वन गर्ने प्रत्येक कार्यालयले अनुसुचि २ बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गर्नुपर्ने व्यवस्था रहेको छ ।नियमानुसार कार्यालयले त्रैमासिक विवरण तयार नगरी चैमासिक विवरण पेश गरेको छ । अतः त्रैमासिक रुपमा खर्च र प्रगति विवरण विवरण तयार गर्नुपर्दछ ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>११</td><td></td><td></td><td>
क्षेत्रगत बजेट
गाउँपालिकाको कुल बजेट ६३ करोड ३९ लाख ७ हजार र खर्च ४८ करोड ७३ लाख ७८ हजारको आधारमा समग्रमा ७६.८८ प्रतिशत खर्च भएकोमा क्षेत्रगत बजेटको स्थिति निम्नानुसार रहेको छ ।
<table>
<tr><th>क्र स</th><th>क्षेत्रगत बजेट</th><th>बजेट</th><th>खर्च रकम</th><th>खर्च प्रतिशत</th></tr>
<tr><td>1.</td><td>आर्थिक विकास</td><td>१०९५२७०००</td><td>७२२३२३८२</td><td>१४.८४</td></tr>
<tr><td>2.</td><td>सामाजिक विकास</td><td>२४०७२९०००</td><td>२१६८१९६०२.४८</td><td>४४.५</td></tr>
<tr><td>3.</td><td>पूर्वाधार विकास</td><td>१७६११२०००</td><td>१२४२७९९७८.१३</td><td>२५.४</td></tr>
<tr><td>4.</td><td>वातावरण तथा विपद व्यवस्थापन</td><td>५०००००</td><td>०</td><td>०</td></tr>
<tr><td>5.</td><td>संस्थागत विकास र सेवा प्रवाह</td><td>०</td><td>०</td><td>०</td></tr>
<tr><td>6.</td><td>वित्तिय व्यवथापन र सुशासन</td><td>१९४३६०००</td><td>१३२१५५१५</td><td>२.७</td></tr>
<tr><td>7.</td><td>कार्यालय संचालन तथा प्रशासनिक</td><td>८७६०३५४०</td><td>६०८३०५९५.७</td><td>१२.८</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>६३३९०७५४०</td><td>४८७३७८०७३</td><td>१००</td></tr>
</table>
उपर्युक्त विवरण अनुसार गाउँसभाले विनियोजन गरेको बजेटमध्ये सबैभन्दा बढी सामाजिक विकास ४४.५ प्रतिशत, पूर्वाधार विकासमा २५.४ प्रतिशत र कार्यालय संचालन तथा प्रशासनिकमा १२.८ प्रतिशत, आर्थिक विकास तर्फ १४.८४ प्रतिशत, वातावरण तथा विपद् व्यवस्थापन तर्फ १ प्रतिशत, संस्थागत विकास र सेवा प्रवाह तर्फ ०.१३ प्रतिशत र वित्तिय व्यवस्थापन तथा सुशासन तर्फ २.७ प्रतिशत मात्र रहेको देखियो ।अत: आर्थिक विकास, संस्थागत विकास तथा सेवा प्रवाह तथा वित्तिय व्यवस्थापन र सुशासन क्षेत्रमा बजेट विनियोजन गरी सो क्षेत्रमा सुधार गर्नुपर्ने देखियो।
</td><td></td></tr>
<tr><td>१२</td><td></td><td></td><td>प्रदेश सम्पुरक योजना</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१२.१			लागत अनुमान रु.९६९९१०५१।३७ रहेको गाँउपालिका स्थित अधेरी खकाले मागा सडक स्तरोन्नती लागि प्रदेश समपुरक बजेटबाट सम्झौता रकमको ५० प्रतिशत व्यहोर्ने गरी निर्माण ब्यवसायी कालापानी न्यू नेशनल जेभीसँग मिति २०७७।१०।०६ मा रु.५२०८९५८।९८ कबोल अंकमा ठेक्का संम्झौता भएकोमा उक्त निर्माण कार्यको अवधि ०७८।३।२० सम्म तोकिएको थियो । यस निर्माण कार्यको मिति २०७८।३।२४ सम्म प्रथम र दोस्रो बिल गरी जम्मा रु ५१९५३२७(प्रदेशको कुल रु ४८९६४८०) कार्य भई भुक्तानी भएको देखिन्छ ।यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् क) प्रदेश समपुरक अनुदान सम्वन्धी कार्यविधि 2077 को बुदा नं ४ मा समपुरक अनुदान प्राप्त रकम बाट कबोल अंकको ५० प्रतिशत अनुदानबाट खर्च गर्ने र बाँकी रकम फिर्ता पठाउनुपर्ने व्यवस्था रहेको छ ।जसअनुसार पालिकालाई प्राप्त अनुदान रकम रु ५२०८९५८।९८ मध्ये कबोल अंक ५० प्रतिशतले रु २६०४४७९ रकम कट्टी गरी बाँकी रकम रु २२९२००१ फिर्ता पठाउनुपर्ने देखिएको छ। ख) प्रदेश समपुरक अनुदान सम्वन्धी कार्यविधि 2077 को बुदा नं 8(घ) मा समपुरक अनुदान प्राप्त रकम उपभोक्ता समिति मार्फत खर्च गर्न पाईने छैन भन्ने व्यवस्था भएकोमा पालिकाले सडक निर्माण कार्यमा उपभोक्ता समिति मार्फत कार्य गराई रु.२२९२००१ भुक्तानी भएकोमा समपुरक अनुदान बापतको रकम कार्यविधि विपरित खर्च भएको रु. ग) सार्वजनिक खरिद नियमावली अनुसार १० लाख भन्दा बढी लागत अनुमान भएको निर्माण कार्यमा बीमा गर्नुपर्नेमा बीमा गरेको पाइएन ।	२,२९२,००१
१२.२			लागत अनुमान रु.९७०६८३४।९८ रहेको गाँउपालिका स्थित मागा भुसाफेदा कल्लाबारी सडक स्तरोउन्नती लागि प्रदेश सम्मपुरक बजेटबाट सम्झौता रकमको ५० प्रतिशत व्यहोर्ने गरी निर्माण ब्यवसायी दियाल कन्सट्रक्सन प्रा लि भक्तपुरसँग मिति २०७७।१०।०५ मा रु.५९४२४०७९.८८ कबोल अंकमा ठेक्का सम्झौता भएकोमा उक्त निर्माण कार्यको अवधि ०७८।३।२० सम्म तोकिएको थियो। यस निर्माण कार्यको मिति २०७८।३।२४ सम्म प्रथम र दोस्रो बिल गरी जम्मा रु.५१५७०५३ कार्य भई भुक्तानी भएको देखिन्छ ।यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन्। क) प्रदेश समपुरक अनुदान सम्वन्धी कार्यविधि 2077 को बुदा नं.४ मा समपुरक अनुदान प्राप्त रकमबाट कबोल अंकको ५० प्रतिशत अनुदानबाट खर्च गर्ने र बाँकी रकम फिर्ता पठाउनुपर्ने व्यवस्था रहेको छ ।जसअनुसार पालिकालाई प्राप्त अनुदान रकम रु ५१५७०५३ मध्ये कबोल अंक ५० प्रतिशतले रु २९७१०३९।५ रकम कट्टी गरी बाँकी रकम रु. २१८६०१३।५ रहेको छ । ख) प्रदेश समपुरक अनुदान सम्बन्धी कार्यविधि 2077 को बुदा नं 8(घ) मा समपुरक अनुदान प्राप्त रकम उपभोक्ता समिति मार्फत खर्च गर्न पाईने छैन भन्ने व्यवस्था भएकोमा पालिकाले सडक निर्माण कार्यमा उपभोक्ता समिति मार्फत कार्य गराई रु.२१८६०१३ भुक्तानी भएकोमा समपुरक अनुदान बापतको रकम कार्यविधि विपरित खर्च भएको रु ग) सार्वजनिक खरिद नियमावली अनुसार १० लाख भन्दा बढी लागत अनुमान भएको निर्माण कार्यमा बीमा गर्नुपर्नेमा बीमा गरेको पाइएन ।	२,१८६,०१३
१३			**रंगशाला निर्माण** लागत अनुमान रु.९६७४३२८।१२ रहेको गाँउपालिका स्थित शैलुङ्ग रंगशाला निर्माणको लागि प्रदेश सरकार सशर्त अनुदानबाट कबोल सम्झौता रकमको ५० प्रतिशत व्यहोर्ने गरी निर्माण ब्यवसायी डाएमण्ड सिन्धु सप्लायर्स एण्ड विल्डर्स सिन्धुपाल्चोकसँग मिति २०७७।१०।०५ मा रु.५३३५४१६।६६ कबोल अंकमा ठेक्का संम्झौता भएकोमा उक्त निर्माण कार्यको अवधि ०७८।३।२० सम्म तोकिएको थियो। यस निर्माण कार्यको मिति २०७८।३।२४ सम्म प्रथम र दोस्रो तथा अन्तिम बिल गरी जम्मा रु ४८५०६९१।५१ कार्य भई भुक्तानी भएको देखिन्छ ।यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन्। क) सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११७ अनुसार निर्माण सम्पन्न भइसकेपछि कार्य स्वीकार प्रतिवेदन दिई नियमावलीको नियम १२५ अनुसार त्रुटि सच्चाउने अवधि पश्चात कार्यसम्पन्न प्रतिवेदन दिनुपर्नेमा सो नगरी निर्माण सम्पन्न हुने वित्तिकै कार्यसम्पन्न प्रतिवेदन दिएको छ । ख) प्रथम रनिङ्ग बिलमा पि एस आइटमा राखी साइन वोर्ड निर्माण को भुक्तानी भएकोमा बिल पेश नभएको रु.	७,३००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१४			**आधारभुत स्वास्थ्य केन्द्रको भवन निर्माण** पालिकाले आधारभुत स्वास्थ्य केन्द्रको भवन निर्माण गर्नको लागि रु. ६ करोड ५३ लाख ३९ हजार लागत अनुमान तयार गरी सबैभन्दा न्युन मुल्य कबोल गर्ने उमा एण्ड कम्पनी टक्सार काली जे. भी. संग मिति ७७/१०/०६ मा रु.३ करोड ६५ लाख मा सम्झौता गरी २०७८/११/२९ सम्म कार्य सम्पन्न गर्ने कार्यदेश दिएको छ। हालसम्म रु.१ करोड ६५ लाख भुक्तनी भएको कार्यमा निम्नानुसारको व्यहोरा देखियो। क) बिमा बापतको रकम पि एस आईटम मा राखि रु. १२९३८८ भुक्तानी भएकोमा रु. ९९४०८ को मात्र विल संलग्न छ। अतः कम नपुग बिलको प्रमाण पेश गर्ने अन्यथा असुल गर्नुपर्ने रु.. ख) पि. एस. आईटम बापत बि. ओ. क्यु. मा सेफ्टी तथा एजविल्ट नक्सा र वोर्डको बापत रु २७००० भुक्तानी भएकोमा उक्त आइटमको बिल पेश नभएको रु.	१२६,४०८
१५			**बुद्धको मुर्ति निर्माण** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४ मा स्थानीय निकायले छनौट गरेको योजनाहरु दीर्घकालिन, यथार्थपरक र प्रतिफलयुक्त हुनुपर्ने व्यवस्था रहेको छ। पालिकाले ऐन बमोजिमको जनताको जनजीवनमा प्रत्यक्ष रुपमा परिवर्तन गराउन सक्ने योजना छनौट गरी खर्च गर्नुपर्नेमा लागत अनुमान रु.९५३७००१ रहेकोमा एस. के. कन्ट्रक्सन एण्ड सप्लायर्स मार्फत कार्य गराई बुद्धको मूर्ति निर्माण कार्यमा रु.१ करोड खर्च लेखेकोले यथार्थपरक र प्रतिफलयुक्त योजना छनौट गरी खर्च गर्नुपर्दछ।	
१६			**करार कर्मचारीलाई संचय कोष रकम जम्मा** नेपालको संविधानको धारा २२७ मा गाउँपालिकाको कर्मचारी तथा कार्यालय सम्बन्धी अन्य व्यवस्था प्रदेश कानून बमोजिम हुने तथा स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाको शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त संघीय कानून बमोजिम हुनेगरी स्थानीय तहले बनाएको कानून बमोजिम हुने व्यवस्था रहेको छ । गाउँपालिकाले "शैलुङ गाउँपालिकाको करार कर्मचारीहरुका लागि नागरिक लगानी कोष सुविधा सम्बन्धि निर्देशिका, २०७७" बनाई सोही निर्देशिका अनुरुप मिति २०७७।१२।२५ को कार्यपालिकाको निर्णयबाट कार्यालय र कर्मचारीको बराबर योगदान रहने गरी अधिकृत स्तर, सहायकस्तर पाचौ, सहायकस्तर चौथो र श्रेणीविहिन कर्मचारीहरुलाई क्रमशः रु.५०००, रु.४५००, रु.४००० र ३००० मासिक दरले कर्मचारीको पारिश्रमिकबाट कट्टा गर्ने र सोही रकम बराबर थप गरी नागरिक लगानीकोषमा २० जना करार कर्मचारीहरुको उल्लेखित दरमा लगानीकोष बापत १० महिनाको कुल रु.७८०००० जम्मा गरेको देखियो। गाउँपालिकाले कार्यपालिकाको निर्णयबाट २० जना करार कर्मचारीहरुको नागरिक लगानी कोष बापतको रकम सुविधा भुक्तानी प्रचलित संघीय कानूनको सिद्धान्त र मापदण्ड विपरीत भुक्तानी दिइ अनियमित भएको रु.	७८०,०००
१७			**योजना संचालन तथा छनौट**	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१७.१			स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफलयुक्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना तथा टुक्रे योजनामा बजेट छुट्याएको छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालिन उपलब्धी नहुँने हुँदा यस प्रकृतिको योजना छनौट गर्ने कार्यमा नियन्त्रण गरी ठुला तथा दीर्घकालिन प्रतिफलयुक्त योजना छनौटलाई प्राथमिकिकरण गर्नुपर्दछ ।यस वर्ष संचालन भएका योजनाहरु निम्न अनुसार छन्:	
१७.२			गाउँपालिकाले यस वर्ष १७२ योजना संचालन गरेको विवरण पेश गरेको छ। सो मध्ये २३ वटा योजनाको शुन्य प्रगति र बाँकी योजनाको प्रगति ७५ प्रतिशत भन्दा माथी रहेको छ । शुन्य प्रगति भएका योजनाको सट्टा नयाँ संचालन गरेको र ति योजनामा प्रगति भएको गाउँपालिकाले जनाएको छ । गाउँपालिकाले सञ्चालन गरेका योजनाको किसिम, योजना संख्या, उक्त योजनाहरुको लागत अनुमान आर्थिक वर्षभित्र सम्पन्न एवं सम्पन्न अवस्था एवं कामको मूल्याङ्कन स्थिति र चालु अवस्था सम्बन्धी विवरण पेश नगरेकोले योजनागत प्रगति सम्बन्धी विश्लेषण गर्न सकिएन । अत: छनौट भएका योजनाको किसिम, संख्या, लागत अनुमान, सञ्चालित योजना संख्या, सम्झौता रकम, सम्पन्न संख्या, सम्पन्न रकम, सञ्चालन हुन नसकेका योजना र सञ्चालन हुन नसकेका योजनाको बजेट रकम सम्बन्धी विवरण अद्यावधिक गरी योजना सञ्चालन प्रक्रिया पारदर्शी बनाउनु पर्दछ ।	

क्र. सं.	विवरण	योजना संख्या	रकम
१	रु १० हजार देखि ५० हजार सम्म	०	०
२	५० हजार देखि १ लाख सम्म	८	६७००००
३	१ लाख देखि ५ लाख सम्म	७४	३२६६७५००
४	५ लाखमाथी देखि २५ लाख सम्म	७८	१०४०६७०००
५	२५ लाख भन्दा माथीका योजनाहरु	८	३७८२६०००
	जम्मा	१६८	१७५२३०५००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१८			**सेवा प्रबाह** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११(ङ, च) स्थानीय तहले स्थानीय सेवाको व्यवस्थापन, स्थानीय तथ्याङ्क र अभिलेख सङ्कलन लगायतका सेवा उपलब्ध गराउनुपर्ने व्यवस्था उल्लेख छ।सो अनुसार गाउँपालिकाले यस आर्थिक वर्षमा निम्नअनुसार सेवा प्रबाह गरेको विवरण प्राप्त भएको छ । क्र.स | विवरण | प्राप्त 1. | नागरिकता सिफरिस | ४७० 2. | घरबाटो सिफारिस | २७० 3. | नाता प्रमाणित | ४३४ 4. | जन्म मृत्यु दर्ता | ८१९ 5. | घर नक्सा पासको निबेदन | ५४४७	
१९			**पदपूर्ति** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा ४२ जना कर्मचारीहरु करारमा राखी तलब, महंगी भत्ता, स्थानीय भत्ता, नागरिक लगानीकोष आदि बापत जम्मा रु.१५२७१५२२।०० खर्च लेखेको छ । त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले गाँउ प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्ट्रिसियन, चौकिदार, माली, बगैँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको सु.प्र.अ-१, ईन्जिनियर-१, स.क.अ/स.पाचौ-२, कानुनी सहजकर्ता-१, सुपरभाईजर-१, अमिन-१, का.सहायक चौथौ-४, ना.प्र.से.प्र.चौ-७, ना.प्रा.स.कृषि चौथौ-७ जना गरी ९ पदमा २५ जना करार नियुक्ति गरी वर्षभरीमा रु.१०१४७००७ भुक्तानी गरेको अनियमित देखिएको छ।	
२०			**विमा** सार्वजनिक खरिद नियमावली 2064 को नियम 112 मा भएको व्यवस्था अनुसार रु 10 लाख भन्दा बढीको निर्माण कार्यमा निर्माण व्यवसायी तथा कामको सुरक्षाको लागि निर्माण गरिने काम , कामदार , उपकरण र तेस्रो पक्ष को बीमा गर्नुपर्ने व्यवस्था भएकोमा पालिकाले ठेक्का मार्फत निर्माण कार्य भएका योजना बाहेक अन्य योजनाको बीमा गरेको छैन।	
२१			**खर्च विश्लेषण** पालिकामा यसवर्ष कुल आन्तरिक आयबाट रु.३७ लाख, अन्य राजस्व रु.२९ लाख ६३ हजार, राजस्व बाँडफाटबाट ७ करोड ८१ लाख ५३ हजार र अनुदानबाट ४१ करोड २८ लाख ७ हजार गरी जम्मा ४९ करोड ३९ लाख २५ हजार आम्दानी भएकोमा चालु तर्फ रु.२७ करोड ०७ लाख ७६ हजार र पूँजिगत तर्फ रु.२१ करोड ६६ लाख ०१ हजार गरी ४८ करोड ७३ लाख ७८ हजार खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ३७ लाख (०.७५) प्रतिशत रहेको छ ।यस वर्ष प्रशासनिक खर्च वापत रु.६ करोड ०८ लाख ३० हजार खर्च भएको छ जुन आन्तरिक आयको ७० गुणा बढी रहेको छ। पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ५६ प्रतिशत चालु र ४४ प्रतिशत पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२२			**अवकाश कोष** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९1.1 मा स्थानीय तहले स्थानीय सेवाका कर्मचारी निजको सेवा शर्त सम्वन्धी कानून बमोजिम अवकास हुदा प्राप्त गर्ने योगदानमा आधारित उपदान वा निवृत्तभरण औषधि लगायतका सुविधा उपलव्ध गराउनका लागि एक अवकास कोष स्थापना गर्नुपर्ने व्यवस्था छ । उक्त ऐन को नियम 91.2 अनुसार आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले स्थानीय सरकार संचालन ऐन 2074 प्रचलनमा आए पनि हालसम्म पनि 2 जना कार्यरत स्थानीय स्थायी कर्मचारीको तलब भत्तामा 10 प्रतिशत कट्टी गरी अवकास कोषमा जम्मा गरेको देखिएन। विभिन्न पदमा कार्यरत कर्मचारीको उल्लेखित ऐन अनुसार 2074 कार्तिक देखि 207८ आषाढ सम्म रकम कट्टी गरी रकम दाखिला गर्नुपर्ने देखिएको छ । स्थानीय सेवा ऐन तर्जुमा भई नसकेको , साविक स्थानीय तहबाट समायोजन भएका कर्मचारीहरुको सेवा शर्त सम्वन्धी स्पष्ट कानूनी व्यवस्था नभई सकेको कारण कट्टी नगरेको गाँउपालिकाले जनाएको छ ।	
२३			**पद रिक्त** प्राविधिक कर्मचारी तर्फ 1२ जना पद रिक्त रहेको देखियो जसले गर्दा गाँउपालिकाको सेवा प्रबाहमा असर पार्ने हुदा यथासिघ्र प्रदेश लोकसेवा आयोग मा माग पठाई स्थायी पदपुर्ति गर्नुपर्दछ ।	
२४			**आन्तरिक लेखापरीक्षण** आन्तरिक लेखापरीक्षण स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । गाँउपालिकाले यस वर्षको आर्थिक कारोबारको चौमासिक रुपमा आन्तरिक लेखापरीक्षण नगराई वर्षान्त एकमुष्ठ रुपमा आन्तरिक लेखापरीक्षण गरी प्रतिवेदन पेश गरेको छ। तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।	
२५			**विविध खर्च** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष बिबिध खर्च शिर्षकमा राजस्व बाँडफाट संघ तर्फबाट रु.५२६,४११ र आन्तरिक स्रोतबाट रु.५००००० गरी जम्मा रु.१०,२६,४११ खर्च गरेको छ। यस्तो खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ।	
२६			**आर्थिक सहायता** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहले आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था छैन। गाँउपालिकाले यस वर्ष रु.४८२००० आर्थिक सहायता वितरण गरेको छ। यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ।	
२७			**जिन्सी व्यवस्थापन प्रणाली** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५(१) मा कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको र खरिद गरी वा नगरी, कुनै प्रकारले हस्तान्तरण भई वा वस्तुगत सहायता वा अन्य कुनै प्रकारबाट प्राप्त हुन आएको सम्पत्ति तथा जिन्सी मालसामानको विवरण र मुल्य समेत खुलाई सम्पत्ति तथा जिन्सी किताबमा ७ दिन भित्र आम्दानी बाधी लगत अद्यावधिक गर्नु, गराउने व्यवस्था रहेको छ। गाँउपालिकालले जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेकोमा निरीक्षण प्रतिवेदनमा उल्लेख भएका, टुटफूट भएका सामानको मर्मत गर्नुपर्ने समायोजन भएका साविकका गा वि स हरुले खरिद सामानहरुको यथार्त अभिलेख राख्ने लगायतका सुझाव कार्यान्वयन गरी जिन्सी व्यवस्थापन प्रणालीलाई प्रभावकारी बनाउनु पर्दछ ।	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२८</td><td></td><td></td><td>मुद्दाको विवरण
स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४६ अनुसार गाउँपालिकाको उपाध्यक्षको नेतृत्वमा न्यायिक समितिले दफा ४९ अनुसार न्याय सम्पादनको कार्य गर्ने व्यवस्था छ। गाँउपालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष न्यायिक समितिको कार्य सम्पादन अवस्था देहाय बमोजिम छ ।
<table>
<tr><th>अ.ल्या</th><th>यस वर्ष थप</th><th>जम्मा</th><th>फछ्यौट संख्या</th></tr>
<tr><td>१</td><td>९</td><td>१०</td><td>१०</td></tr>
</table></td><td></td></tr>
<tr><td>२९</td><td></td><td></td><td>गुणस्तर परीक्षण
सार्वजनिक खरिद नियमावली 2064 को नियम ९(2) सार्वजनिक निर्माणको लागत अनुमान तयार गर्दा गुणस्तर परीक्षण र बीमा खर्चको लागि रकम व्यवस्था गर्नुपर्ने व्यवस्था रहेको छ। गुणस्तर परीक्षणको लागि कुनै पनि योजनामा रकमको छुट्टै प्रवन्ध गरेको पाइएन ।</td><td></td></tr>
<tr><td>३०</td><td></td><td></td><td>उपभोक्ता समितिबाट निर्माण कार्य
क) सार्वजनिक खरिद नियमावली 2064 को नियम ९(२) नियम ९७(३ख) तथा नियम ११७(४) मा भएको व्यवस्था अनुसार गुणस्तर परीक्षणको लागि लागत अनुमानमा रकम व्यवस्था गर्नुपर्ने , सुपरिवेक्षण र गुणस्तर नियन्त्रण गर्नुपर्ने एंव निर्माण गरिएको संरचनाको उपयुक्तताको परिक्षण गरी प्रमाणित नभए सम्म त्यस्तो कुनै पनि कार्य स्वीकार गर्न नहुने व्यवस्था छ । गाँउपालिकाबाट संचालित कुनै पनि योजनाको गुणस्तर आश्वस्तता परीक्षण प्रतिवेदन पेश नभएको कारण निर्माण भएका संरचनाहरु गुणस्तरीय छन् भन्न सक्ने अवस्था देखिएन । गाँउपालिकाले गुणस्तरिय कार्य गराउन विशेष ध्यान दिनुपर्ने देखियो ।

ख) कन्टेन्जेन्सी खर्च :- सार्वजनिक खरिद नियमावली 2064 को नियम मा कुनै पनि योजनामा छुट्टाएको कन्टेन्जेन्सी रकम सम्वन्धीत योजनासँग समन्धित कार्यमा मात्र प्रयोग गर्नुपर्ने व्यवस्था रहेको छ । गाँउपालिकाले यो वर्ष कन्टेन्जेन्सी बापत के, कति खर्च भयो, कुन-कुन शिर्षकमा खर्च भयो सोको विवरण पेश नगरेकाले कन्टेन्जेन्सी रकम सम्बन्धित योजना बाहेक अन्य कार्यमा समेत प्रयोग गरेको, नगरेको सम्बन्धमा विश्लेषण गर्न सकिएन। यस प्रकारको कार्यमा सुधार गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>३१</td><td></td><td></td><td>राजश्व सम्वन्धि व्यवस्था</td><td></td></tr>
<tr><td>३१.१</td><td></td><td></td><td>स्थानीय सरकार संचालन ऐन 2074 को दफा 54 अनुसार स्थानीय तहले आफ्नो क्षेत्र भित्र कानून अनुसार कर लगाउने तथा असुल गर्नसक्ने व्यवस्था रहेको छ । जस अनुसार गाँउपालिकाले यस वर्ष विभिन्न शिर्षकमा रु.५० लाख ८६ आम्दानी प्राप्त गरेको देखिन्छ ।
<table>
<tr><th>राजस्व उपशीर्षक</th><th>अनुमानित बजेट</th><th>प्राप्त रकम रु.</th></tr>
<tr><td>११३१३ एकीकृत सम्पती कर</td><td>१०००००</td><td>६०६१४३.९४</td></tr>
<tr><td>११३१४ भुमिकर/मालपोत</td><td>१००००००</td><td>६८५१६३.५९</td></tr>
<tr><td>११३१५ घरजग्गा रजिष्टेशन दस्तुर</td><td>०</td><td>२९७७९६</td></tr>
<tr><td>११३२१ घरवहाल कर</td><td>५०००००</td><td>१४०२३७</td></tr>
<tr><td>११३२२ वहाल विटौरी कर</td><td>७०००००</td><td>१४८०५५.४</td></tr>
</table></td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय					बेरुजु रकम
				११४५२ पुर्वाधार सेवाको उपयोगमा लाग्ने कर	१२०००००	०		
				११४७९ अन्य मनोरञ्जन कर	२५,०००	०		
				११६३१ कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर	१०००००	०		
				११६३२ अखेटोपहारमा लाग्ने कर	२५,०००	०		
				११६९१ अन्य कर	३०००००	२४४५००		
				१४१२१ वित्तीय निकायबाट प्राप्त लाभांश	१०००००	०		
				१४१५१ सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय	५०००००	०		
				१४२११ कृषि उत्पादनको बिक्रीबाट प्राप्त रकम	१०००००	०		
				१४२१२ सरकारी सम्पतीको बिक्रीबाट प्राप्त रकम	२०००००	०		
				१४२१३ अन्य बिक्रीबाट प्राप्त रकम	२०००००	०		
				१४२२१ न्यायिक दस्तूर	१०००००	०		
				१४२२४ परीक्षा शुल्क	१०००००	१०,७००		
				१४२२९ अन्य प्रशासनिक सेवा शुल्क	५०००००	०		
				१४२४१ पार्किङ्ग शुल्क	२०,०००	०		
				१४२४२ नक्सापास दस्तुर	५०००००	६,०००		
				१४२४३ सिफारिश दस्तुर	२००००००	६०८१४२.९		
				१४२४४ व्यक्तिगत घटना दर्ता दस्तुर	१०००००	३४,६५०		
				१४२४५ नाता प्रमाणित दस्तुर	३०००००	०		
				१४२४९ अन्य दस्तुर	२०००००	०		
				१४२५३ व्यावसाय रजिष्ट्रेशन दस्तुर	१५०००००	३०९१२५		
				१४२५४ रेडियो/ एफ.एम.सञ्चालन दस्तुर	२५,०००	०		

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय					बेरुजु रकम

१४३११ न्यायिक दण्ड, जरिवाना र जफत	५०,०००	०
१४३१२ प्रशासनिक दण्ड, जरिवाना र जफत	५०,०००	०
१४५२९ अन्य राजस्व	११२५०००	१९९५३०१.८३
जम्मा	११६२०००२	५०८५८१८.६६

गाँउपालिकाले विभिन्न शिर्षकमा रु.१ करोड १६ लाख २० हजार आय प्राप्त गर्ने लक्ष्य रहेकोमा ५० लाख ८६ हजार (४३.७७ प्रतिशत) मात्र संकलन भएको छ । आन्तरिक आयका सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् ।

क) व्यवसाय करः- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा गाँउपालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । गाउँपालिकाले यस वर्ष व्यवसाय कर बापत रकम प्राप्ति गरेको देखिएन। गाँउपालिकाले आफ्नो क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन । गाँउपालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

ख) मनोरन्जन करः स्थानीय सरकार संचालन ऐन २०७५को दफा ६४ मा सिनेमा, भिडियो हल, साँस्कतिक प्रर्दशन हल तथा ऐतिहासिक स्थलको प्रवेश शूल्कमा ५ प्रतिशतका दरले मनोरन्जन कर उठाउन पाउने व्यवस्था रहेको छ । गाँउपालिकाले हालसम्म उक्त शिर्षकमा कुनै पनि रकम उठाएको पाइएन। नियमानुसार उक्त कर उठाउनु पर्दछ ।

ग) घर जग्गा बहाल करः स्थानीय सरकार संचालन ऐन 2074 को दफा ५७ अनुसार गाँउपालिका क्षेत्रभित्र कुनै पनि व्यक्ति वा संस्था वा निकायले घर पसल ग्यारेज गोदाम, टहरा, सेड कारखाना, जग्गा वा पोखरी पूरै वा आशिंक रुपमा बहालमा दिएमा बहाल लागेको रकममा घर जग्गा बहाल कर लगाइने व्यवस्था रहेको छ। गाँउपालिकाले यो वर्ष घर जग्गा बहाल कर रु.५ लाख उठाउने लक्ष्य लिएकोमा रु. १ लाख ४० हजार मात्र असुल गरेको छ।उक्त बहाल कर को क्षेत्रगत लगत नराखेकाले कुन क्षेत्रबाट कति बहाल कर उठेको हो सो रकमको एकिन गर्न सकिएन साथै गाँउपालिकाले वहाल कर सम्बन्धमा घर सर्वेक्षण (HOUSEHOLD SURVEY) गरी तथ्याङ्क अद्यावधिक गरी करको दायरा अभिबृद्धि गर्नुपर्नेमा सो गरेको पाईएन ।अत नियमानुसार अभिलेख राखी कर उठाउने प्रकृयालाई प्रभावकारी बनाउनुपर्दछ।

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३१.२			गाँउपालिकापालिको विभिन्न वडाको आम्दानी स्तर एकै प्रकारको नभएकाले प्रत्येक वडाको अवसर र संम्भावित आम्दानीका क्षेत्रको पहिचान गरी वडागत लक्ष्य तोक्ने र सो को अनुगमन गर्ने र लक्ष्य हासिल गर्न प्रोत्साहित गर्ने गरी करको दायरा बढाउन पहल गर्नु पर्दछ ।	

क्र.स.	वडा न.	संकलित राजस्व (रु.)
1	1	१३१३५३
2	2	११२९७९
3	3	४९३६४७
4	4	४०४७०६
5	5	३०१२५८
6	6	३५६६६७
7	7	३८९७४२
8	8	३७४७२५
10	गाँउपालिका कार्यालय	१४६१७६८
जम्मा		४१२६८२९

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३१.३</td><td></td><td></td><td>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ नियम ५८ मा राजस्व रकम समयमा बैंक दाखिला गर्ने, समयमा दाखिला हुन नसकेमा मासिक १ प्रतिशतका दरले बिलम्ब शुल्क लगाउने व्यवस्था रहेको छ।पालिका अन्तर्गत निम्न ३ वटा वडाका सम्बन्धित राजस्व संकलन गर्ने कर्मचारीले राजस्व समयमै दाखिला नगरेको निम्न अनुसार बिलम्ब शुल्क असुल गरी दाखिला गर्नुपर्ने रु.
<table>
<tr><th>वडा कार्यालय</th><th>जम्मा संकलन राजस्व</th><th>बैंक दाखिला रकम</th><th>नपुग रकम</th><th>बिलम्ब शुल्क</th><th>जम्मा</th></tr>
<tr><td>१</td><td>२३१३३५</td><td>२१८५४६</td><td>१२६८९</td><td>१६००</td><td>१४२८९</td></tr>
<tr><td>२</td><td>११२९७९</td><td>१०८४७०</td><td>४४१०</td><td>६६२</td><td>५०७२</td></tr>
<tr><td>८</td><td>३७४७२५</td><td>३७३०४०</td><td>१६८५</td><td>२५३</td><td>१९३८</td></tr>
</table></td><td>२१,२९९</td></tr>
<tr><td>३१.४</td><td></td><td></td><td>क) राजस्व अभिलेख : नेपाल सार्वजनिक क्षेत्र लेखामानमा स्वीकृत लेखाढाँचा मा वित्तिय विवरण सम्वन्धी आवश्यक आर्थिक विवरण तयार गरी लेखापरीक्षणको क्रममा पेश गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले म ले प फारम नं.212 राजस्व आम्दानीको दैनिक गोश्वरा खाता र मलेप फा नं 213 को राजश्व अम्दानी बैक नगदी किताव तोकिए बमोजिमको ढाँचामा तयार गरी लेखाङ्कन गर्नुपर्नेमा सो कार्य गरेको पाइएन जसले गर्दा रसिदगत र शीर्षकगत आम्दानी भिडान गर्न सकिए। अत नियमानुसार खाता तयार गरी राजश्व श्रेस्ता तयार गर्नुपर्दछ।

ख) राजश्व परामर्श समितिः स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६५ मा राजश्व परामर्श को लागि एक स्थानीय राजश्व परामर्श समिति सम्वन्धी व्यवस्था रहेको छ। उक्त समितिको काम कर्तव्य तथा अधिकार अन्तर्गत राजश्व सम्बन्धि आवश्यक कानूनको तर्जुमा संशोधन परिमार्जन र सो को परिपालनाका सम्बन्धमा आवश्यक परामर्श दिने राजश्वको स्रोत दायरा तथा दर समेतको विश्लेषण गरी आगामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजश्वको बिश्लेषण गरी सो सम्बन्धमा अनुमान गरी राजश्वका दर र क्षेत्र तोक्ने लगायतका कार्यहरु उल्लेख छ। राजश्व परामर्श समितिको बैठक बसी नीतिगत छलफल भएतापनि तथ्यगत विश्लेषण सहित राजश्वको अनुमान गरेको पाइएन। अत नियमानुसार आफ्नो कार्य प्रभावकारी रुपमा पुरा गर्नुपर्दछ।</td><td></td></tr>
<tr><td>३२</td><td></td><td></td><td>उपभोक्ता समितिबाट निर्मित कार्य</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३२.१			सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्पmत् गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन्-	

गोभौनं./मिति	उपभोक्ता समितिको नाम	कामको विवरण	भुक्तानी रकम
८४-०७७।१२।२३, २५२-०७८।३।२९	वडा नं.५ कार्यालय भवन उपभोक्ता समति	वडा कार्यालय भवन निर्माण (आर सि सि)	६६९१८७९
२३९/०७८।०३।२८	गाउँपालिका क्यान्टिन निर्माण उपभोक्ता समिति	क्यान्टिन निर्माण	१९२००००
२४४/०७८/३/२९	पालेघर निर्माण उपभोक्ता समिति	गाउँपालिका पालेघर निर्माण(आर सि.सि.)	१९४७२५१
१/७८/२/२४	बाघखोर स्वास्थ्य चौकी स्तरोन्नती निर्माण उपभोक्ता समिति	५ सैयाको बाघखोर स्वास्थ्य चौकी स्तरोन्नती निर्माण उपभोक्ता समिति	६५७५०६९
३/७८/३६२४			
जम्मा			१७२७९१३०

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३२.२			क) उपभोक्ता समितिलाई मू अ कर भुक्तानी :- उपमभोक्ता समिति मार्फत निर्माण गरिने कार्यमा प्रयोग हुने मूल्य अभिबृद्धि कर लाग्ने सामानको लागत अनुमानमा मूल्य अभिबृद्धि कर जोडिने हुदा उपभोक्ता समितिलाई मु.अ. कर भुक्तानी दिदा कामको परिमाण र कर विजक भिडान गरी वास्तविक तिरेको रकम भन्दा बढी नहुने गरी भुक्तानी दिने व्यवस्था गर्नुपर्नेमा सो गरेको पाईएन । ख) दर विश्लेषण :- सार्वजनिक खरिद नियमावली 2064 को नियम 10 मा भएको व्यवस्था अनुसार निर्माण कार्यको लागि आवश्यक पर्ने नमर्स स्थानीय तहले आफ्नै नर्म्स नभएमा नेपाल सरकारले लागु गरेको सम्बन्धित क्षेत्रका नर्मसहरु लागू गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावली 2064 को नियम १०(4) अनुसार निर्माण कार्यको लागत अनुमान तयार गर्न बजारमा उपलव्ध दररेटको विचार गर्नुपर्ने व्यवस्था रहेको छ । गाँउपालिका मातहत संचालित विभिन्न योजनाको लागत अनुमान र मूल्याङ्कन मा समावेश गरिएको जिल्ला दर रेट स्थानीय सप्लायर्सले उपलव्ध गराएको सोही सामानको मूल्य भन्दा महङ्गो भएको हुदा जिल्ला दर रेट निर्धारण गर्दा विश्लेषणात्मक आधारमा तयार गरेको हो भन्न सकिएन।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३२.३			स्थानीय सरकार संचालन ऐन, २०७४ को दफामा २४ मा सार्वजनिक निकायले औचित्यता र प्रभावकारीताको मूल्याङ्कन गरी अन्य संघ-संस्थालाई अनुदान प्रदान गर्नुपर्ने व्यवस्था गरेको छ। पालिकाले अनुदान रकमको प्रभावकारीता मूल्याङ्कन गरी अनुदान प्रदान गरेको देखिएन। जसले गर्दा अनुदान वितरण कार्य प्रभावकारी भए, नभएको यकिन गर्न नसकिएको कारण अनुगमन गरी प्रतिवेदन पेश गर्नुपर्दछ ।	

गो.भौ.-मिति	खर्च शिर्षक	कार्यक्रम	भूक्तानी पाउने संस्था	भूक्तानी रकम
२१८-०७७।१२।१७	खेलकुद कार्यक्रम	प्रथम भर्चुअल तेक्वान्दो राष्ट्रिय खुल्ला प्रतिस्पर्धा	शैलुङ तेक्वान्दो डोजाङ्ग	१८०५००
२२६-०७७।१२।२४	खेलकुद कार्यक्रम	Winter Camp कराते	नेपाल कराते क्योकुशिन कराते संघ	१०००००
२९०-०७८।०३।०४	पर्यटन क्षेत्र प्रचार प्रसार	छ्योर्तेन व्यवस्थापन	शैलुङ रिगसुम गोन्पो सेवा समाज	१०००००
२९३-०७८।०३।०६	चर्नावती वृद्ध आश्रम	चर्नावती वृद्ध आश्रमलाई सहयोग अनुदान	चर्नावती वृद्धा आश्रम	५०००००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३२.४			क) उपभोक्ता समितिः गाँउपालिकाले उपभोक्ता समितिबाट गराएका काम मध्ये लेखापरीक्षणको क्रममा छनौट छनौट परेका योजनाको परीक्षण गर्दा सार्बजनिक खरीद ऐन,२०६३ को दफा ४४ मा उल्लेख भएका विषय स्पष्ट नगरेको, सार्वजनिक खरीद नियमावली, २०६४ को नियम ९७ विपरित जटिल प्राविधिक पक्ष समावेश हुने कार्य समेत उपभोक्ता समिति मार्फत गराउने गरेको, योजनाको भुक्तानीमा संलग्न गरिएका केही बिल भरपाई प्रमाणित नगरेको , सार्वजनिक परिक्षण सार्वजनिक सुनुवाई तथा अनुगमन फारमका विवरण पूर्ण रुपमा नभरिएको, सहि छाप नभएको अवस्था देखिएको छ ।त्यस्तै नियमावलीको नियम १२५.2 अनुसार कार्यसम्पन्न प्रतिवेदन तयार गर्ने, नियम 115.1 अनुसार गुणस्तर परीक्षण गर्ने गराउने गरेको पाइएन साथै समितिले गरेका खर्चको अनुमोदन गरी सार्वजनिक गर्ने, सामाजिक परीक्षण गर्ने एवम् निर्माण कार्यको स्थान पहिचान हुने गरी स्पष्ट विवरण राख्ने कार्यमा सुधार गर्नुपर्ने देखिएको छ । ख) हेभी इक्विपमेण्टको प्रयोग — सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन। नियमाबलीको व्यवस्था अनुरुप कार्य गराउनुपर्दछ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन।	

गो.भौ/मिति	उपभोक्ता समितिको नाम	कामको विवरण	भुक्तानी रकम	प्रयोग गरेको हेभी उपकरण	हेभी उपकरणमा भएको खर्च
२६-०७७।०९।०३	बिरेन्द्र मा.वि.महाभिर सडक उपभोक्ता समिति	सडक निर्माण	४८००००	एक्साभेटर	४८००००
२७-०७७।०९।०३	सडक मर्मत सुधार उपभोक्ता समिति	सडक मर्मत	४५८०००	एक्साभेटर	४५८०००
२९-०७७।०९।०५	सडक मर्मत सुधार उपभोक्ता समिति	सडक मर्मत	४७४०००	एक्साभेटर	४७४०००
३७-०७७।०९।०९	सडक मर्मत सुधार उपभोक्ता समिति	सडक मर्मत	४६६०००	एक्साभेटर	३५५६४३
३९-०७७।०९।१०	रंगशाला ओख्रे भुरुङ्गा सडक उपभोक्ता समिति	सडक मर्मत	७६८०००	एक्साभेटर	२१५३२४
४२-०७७।०९।१५	बोल्ते खेल मैदान निर्माण उपभोक्ता समिति	खेल मैदान निर्माण	१४१३३१०	एक्साभेटर	१४१३३१०
४९-०७७।०९।२९	सडक मर्मत सुधार वडा ८	सडक मर्मत कार्य	६०१३७८	एक्साभेटर	६०१३७८
६३-०७७।१०।१४	पारिपाखा पोखरी डाडा कृषि सडक उपभोक्ता समिति	सडक निर्माण	४८००००	एक्साभेटर	४८०००
७६-०७७।१२।०३	कल्लाबारी दुम्सिघाल जम्बुसिं सडक उपभोक्ता समिति	सडक निर्माण	१४४००००	एक्साभेटर	१४४००००
जम्मा					५४८५६५५

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३३			**रकम दाखिला** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार पदाधिकारी बील, भर्पाई सहित लेखा राख्ने र सो बिल भर्पाईको औचित्यताको आधारमा खर्च लेख्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले मीरा कुमारी चौधरीको चैत्र महिनाको महंगी भत्ता रु.२००० र स्थानीय भत्ता रु.९३० गरी जम्मा रु.२९३० दुई पटक भूक्तानी भएको देखिएकाले सम्बन्धितबाट असुल गरी गाउँपालिका राजस्व खातामा जम्मा गर्नुपर्ने रू.	२,९३०

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३४			**हाजिरी नगरी तलव भत्ता भुक्तानी** निजामती सेवा नियमावली, २०५० को नियम ४० बमोजिम एक निकायबाट अर्को निकायमा सरुवा भई जाने कर्मचारीले बाटो म्याद बाहेक ७ दिनको म्याद पाउने व्यवस्था रहेको छ। कार्यालय प्रमुख श्री अशोक विष्ट चौकि डाँडा भोजपुरबाट सरुवा भई 2077/11/10 को रमना मितिमा तलब, भत्ता 2077 पौष मसान्त सम्म लिएको भनी उल्लेख गरेको छ । पालिकामा 2077/11/15 बाट हाजिरी भई माघ महिना देखि नियमित रुपमा तलब, भत्ता बुझेको देखिन्छ । यसरी सरुवा भइसकेपछि बाटो म्याद बाहेक ७ दिन भित्र सम्बन्धित सरुवा भएको कार्यालयमा गई हाजिरी हुनुपर्नेमा सो नगरी ढिला हाजिरी भएका कर्मचारीलाई बाटो म्याद र ७ दिन बाहेकको काम गरेको हाजिरी प्रमाण तथा विदा को निवेदन वेगर माघ र फाल्गुनको १५ सम्म तवल भुक्तानी गरेको रु.	६५,९२३
३५			**विज्ञापन खर्च** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ५ मा कुनै पनि खरिद कार्यको लागत अनुमान गरी मितव्ययि तबरले खरिद गर्नुपर्ने व्यवस्था रहेको छ। जस अनुसार पालिकाले वार्षिक रुपमा गर्नुपर्ने अत्यावश्यक विज्ञापन कार्यको एकीकृत विवरण तयार गरी खरिद नियमावली बमोजिम ठेक्का प्रकृया द्वारा खर्च गर्नुपर्नेमा आवश्यकता अनुसार टुक्रा-टुक्रा पारी विज्ञापन कार्यमा खर्च गरेको छ। यसबाट पालिकाको विज्ञापन खर्च गर्ने परिपाटी मितिव्ययि भएको देखिएन। सार्वजनिक खरिद नियमावली बमोजिम यस्तो खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ।	
३६			**स्थानीय भत्ता** निजामती सेवा नियमावली 2050 अनुसार राष्ट्रसेवक कर्मचारी स्थानीय भत्ता प्राप्त गर्ने स्थान तथा कार्यालयमा मात्र काम गरेको समयको मात्र स्थानीय भत्ता प्राप्त गर्न सक्ने व्यवस्था गरेको छ । पालिकाले कर्मचारी अशोक विष्टले माघ र फाल्गुन १५ सम्म उक्त स्थानमा काम नगरीकनै स्थानीय भत्ता बापत रु. 2025 भुक्तानी भएको रकम असुल गरी दाखिला गर्नुपर्ने रु	२,०५०
३७			**अनुगमन** सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । पालिकाले कृषि, पशु, शैक्षिक सेवा, सामान खरिदमा तथा विभिन्न किवि तथा चौरी गाई पकेट क्षेत्रमा खर्च लेखेको छ । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सो बाट प्राप्त उपलब्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैनन् । तसर्थ अनुगमनलाई प्रभावकारी बनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीवनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।	
३८			**सवारी खरिद** अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले 5 थान दुई पांग्रे सवारि साधन खरिदमा रु. 1934000 खर्च गरेका छन् ।	

क्र. सं.	सवारी साधन	खरिद संख्या	मुल्य दर	प्रयोग गर्ने पदाधिकारी	रकम
१	मोटरसाईकल	४	३८६०००	४ जना कर्मचारी	1544000
२	मोटरसाईकल	१	३९००००	१ जना कर्मचारी	390000
जम्मा					1934000

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३९			**महिला स्वंयसेविकालाई चाँडपर्व खर्च** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली 2077 को नियम 39(10) मा प्रमाण कागजात बमोजिम लेखा राख्ने । कार्यालयले सो मान्यता विपरीत महिला स्वंयसेविकालाई चाँडपर्व खर्च बापत रु.५००० का दरले १५१ जनालाई गो भौ नं ३३१।०७८।३।१७ बाट रु ७५५००० खर्च लेखेको छ । पालिकाले कार्यविधि तयार गरी आवश्यकताको अध्ययन गरी खर्च गर्नुपर्नेमा सो गरेको देखिएन।	
४०			**नाफामूलक संस्था लाई अनुदान** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । जसबाट नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्दैन ।यदि उपलब्ध गराउने हो भने पनि सार्वजनिक रुपमा निशुल्क वा न्युन शुल्कमा सेवा उपलब्ध गराउने सुनिश्चित हुनुपर्दछ । यस स्थानीय तहले यो वर्ष देहायअनुसारका २ नाफामूलक संस्थाको कार्यालय व्यवस्थापन खर्चमा लागि रु.५९३९०२ अनुदान उपलब्ध गराएका छन् । सि.नं. / अनुदान पाउने संस्थाको नाम / प्रयोजन / अनुदान रकम १ / शैलुङ्ग ब्रिकेट व्यवसाय / उत्थान / २८८५८७ २ / शिव शक्ति ब्रिकेट उद्योग / उत्थान / २९६१५८ जम्मा / ५९३९०२	
४१			**चालु प्रकृतिको कार्यमा अनुदान** स्थानिय सरकार सञ्चालन ऐन २०७४, को दफा २४ मा सार्वजिक निकायले आफु मातहतका निकायमा अध्यावधिक र वार्षिक योजना तयर गरी पुर्वाधार क्षेत्रमा विकास हुने गरी अनुदान प्रदान गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकले यो दफा बमोजिम पुर्वाधार क्षेत्र विकासको लागी अनुदान उपलब्ध नहराई चालु प्रकृतिको कार्यमा खर्च गर्नको लागि शैलेङ्गेश्वर क्याम्पस लाई रु ४८००००र अन्य शैक्षिक सामाग्री खरिद वापत गो भौ नं ३६१।०७८।३।२३ बाट रु ३४१००० गरी जम्मा ८२१००० खर्च गरेको छ अतः नियमानुसार पुँजिगत प्रकृतिको कार्य गर्न अनुदान उपलब्ध गराउनु पर्दछ।	
४२			**कोल्ड स्टोर निर्माण** लागत अनुमान रु.९२७०१४१९ रहेको गाँउपालिका स्थित कोल्ड स्टोर निर्माणको लागि निर्माण व्यवसायी जे पी राम सागर आर. स. जेभी सँग मिति २०७२।२।१४ मा रु.५९९९५३०७।७ कबोल अंकमा ठेक्का संम्झौता भएकोमा उक्त निर्माण कार्यको अवधि एक वर्ष अर्थात् ०७८।२।२८ सम्म तोकिएको थियो । यस कोल्ड स्टोर निर्माण कार्यको मिति २०७८।२।१७ सम्म पाचौ रनिङ्ग बिल रु.५३८१९८८ समेत गरी रु ४२८७८००६।४५ को कार्य भई भुक्तानी भएको देखिन्छ ।यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् । क) सार्वजनीक खरिद नियमावली अनुसार १० लाख भन्दा बढी लागत अनुमान भएको निर्माण कार्यमा बीमा गर्नुपर्नेमा बीमा गरेको पाइएन भने चौथो रनिङ्ग बिल बापत रु.८०४९३९३ को भुक्तानीमा ल्याव टेष्ट बापत रु.२८३३८ को भुक्तानी हुदा उक्त ल्याव टेष्टको बिल नभएको रु ख) कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रिकरण प्रबर्द्धन केन्द्र को मिति २०७६।०४।२२ को पत्रानुसार उक्त निर्माण कार्यको लागि ५० प्रतिशत लागत साझेदारीमा ५० प्रतिशत मन्त्रालय र ५० प्रतिशत गाउँपालिकाको लागत साझेदारी हुने भनि रकम व्यवस्था भएकोले मन्त्रालयको अनुदानको खर्च कुल कबोल अंकको ५० प्रतिशत अर्थात रु २९९९७६५३।५ मात्र हुनुपर्ने देखिन्छ ।पालिकाले ५ रनिङ्ग बिल सम्म मन्त्रालय तर्फको रु ४०२७८००६ भुक्तानी दिएकोले अनुपातिक रुपमा रु १०२८०३५३ बढी खर्च भएको छ । अनुदान प्राप्त गर्दा गरिएको प्रतिवद्वता अनुसार अनुपात मिलाई खर्च गर्ने र बाँकी रकम सम्वन्धित निकायमा फिर्ता गर्नुपर्नेमा सो गरेको छैन । गाँउपालिकाले प्रधानमन्त्री आधुनिकिकरण परियोजनामा २०७७।१२।२७ मा पत्र पठाई पार्किङ्ग र कम्पाउन्ड बाल , कर्मचारी आवास पालेघर र ट्रान्सफर्मर लगायतको थप संरचना बनाउन रु २८५३२०८८ आवस्यक पर्ने हुदा बजेट व्यवस्थापन गरिदिनुहुन अनुरोध गरेको देखिन्छ । अत शित भण्डारको समग्र कार्य सम्पन्न हुँदा श्रोतगत खर्च मिलान हुने गरी आन्तरिक स्रोत व्यवस्थापन गरी शित भण्डारको समग्र निर्माण कार्य सम्पन्न गर्नुपर्दछ ।	२८,३३८

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४३			**महिला स्वंयसेविकालाई चाँडपर्व खर्च** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली 2077 को नियम 39(10) मा प्रमाण कागजात बमोजिम लेखा राख्ने । कार्यालयले सो मान्यता विपरीत महिला स्वंयसेविकालाई चाँडपर्व खर्च बापत रु.५००० का दरले १५१ जनालाई गो भौ नं ३३१।०७८।३।१७ बाट रु ७५५००० खर्च लेखेको छ । पालिकाले कार्यविधि तयार गरी आवश्यकताको अध्ययन गरी खर्च गर्नुपर्नेमा सो गरेको देखिएन।	
४४			**विद्यालय सुधार कार्यक्रम** क) विद्यालय अभिलेख खाता : गाँउपालिकाले प्रत्येक विद्यालयलाई प्रदान गरिने निकासा गरिने रकमको विद्यालयगत निकासा अभिलेख खाता तयार गरी भुक्तानी दिनुपर्नेमा सो गरेको पाइएन । ख) शैक्षिक गुणस्तर: कार्यक्रम कार्यान्वयन पुस्तिका अनुसार स्थानीय निकायले आफु मातहतका विद्यालयको शैक्षिक गुणस्तर सम्बन्धि अवस्थाको अध्ययन गरी सो प्रतिवेदन तयार गरी शैक्षिक गुणस्तरमा सुधार गर्नुपर्नेमा सो गरेको पाईएन । आगामि दिनमा सो कार्यमा सुधार गर्नुपर्दछ । ग) शुल्क निर्धारण अनुमगन:- कार्यक्रम कार्यान्वयन पुस्तिका अनुसार स्थानीय निकायले आफु क्षेत्र भित्र रहेको निजि क्षेत्रका विद्यालयको शुल्क निर्धारण सम्बन्धि अनुगमन गरी नियन्त्रण गर्नुपर्नेमा सो गरेको पाईएन ।सो कार्यमा सुधार गर्नुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४५			**प्रधानमन्त्री रोजगार कार्यक्रम** प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका २०७६ अनुसार प्रधानमन्त्री रोजगार कार्यक्रमको मूख्य उद्देश्य रोजगारका पर्याप्त अवसर सिर्जना, बेरोजगार जनशक्तिको लगत तयार गरि महत्तम उपयोग गर्दै आर्थिक विकासमा योगदान पुर्‍याउने सुनिश्चितता गरी सामाजिक सुरक्षाको ब्यवस्था गर्नु रहेको छ । स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका ८ वडाहरुमा ९ सडक तथा भवन निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष ३०४ जनालाई रोजगारी उपलव्ध गराई खर्च गरेको छ । लक्षित वर्गलाई 80 दिनदेखि 100 दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन्। कार्यालयले पेश गरेको प्रतिवेदन अनुसार यस योजना संख्या विनियोजन र खर्च रकम निम्नानुसार छ ।	

वडा.	आयोजनाको नाम	रोजगार संख्या	विनियोजन	खर्च
2.	जमबुसीङ्ग सडक मर्मत सम्भार	४०	२०६८०००	२०६८०००
3.	बाघाखोर मागा भुमेथान सडक मर्मत	२६	१३४४२००	१३४४२००
4.	कुँवा वडा केन्द्र विर्ता भकारे सडक मर्मत सम्भार	३८	१९६४६००	१९६४६००
5.	विरेन्द्र मा. वि. गाईघाट सडक मर्मत सम्भार	३५	१८०९५००	१८०९५००
6.	चाईचाप वडा कार्यालय मैदाने गोठपानी सडक मर्मत संभार	४२	२१२४३५३	२१२४३५३
7.	गोठपानी टुँडिखेल सडक मर्मत सम्भार	४०	२०६८०००	२०६८०००
8.	अँधेरी भैसे सडक मर्मत सम्भार	४३	२२२३१००	२२२३१००
9.	दाङ्ग भैंसे भदौरे फुस्रामाटा सडक मर्मत सम्भार	१६	८२७२००	८२७२००
जम्मा		३०४	१५६६९७५३	१५६६९७५३

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४६			**आई. पि. एम. कृषक पाठशाला** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) अनुसार कार्यक्रमको लागत अनुमान स्वीकृत गरी कार्यक्रम संचालन र समापन पश्चात आवश्यक बिल भरपाई सहितको प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था छ। पालिकाले आई. पि. एम. कृषक पाठशाला बापत कार्यक्रम संचालन गरेवापत गो भौ नं ९८।०७७।१२।३० बाट रु १२८००० भुक्तानी गर्दा लागत अनुमान स्विकृत नगरेको एवं कार्यक्रम संचालनको दैनिक कार्यसुची समेत नभएको र ४ जना व्यक्तिले ३२ वटा कक्षा लिएको भनी १६००० भुक्तानी भएकोमा प्रशिक्षकले पढाएको कार्यपत्र पेश नभएको रु.	१६,०००
४७			**सामुदायिक विद्यालयको शिक्षक विद्यार्थी अनुपात**	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			शिक्षा नियमावली २०५९ को नियम १२ क मा सामुदायिक विद्यालयहरु एक एक आपसमा गाभिँनको लागि उक्त नियमावलीको नियमको ७७ बमोजिम हिमाली जिल्ला प्रति कक्षा विद्यार्थी संख्या ४० जना नभएको खण्डमा आपसमा गाभ्न सकिने व्यवस्था रहेको छ । गाँउपालिका मातहतमा रहेका बटा सामुदायिक विद्यालयको शिक्षक विद्यार्थी अनुपात निम्नानुसार रहेको हुदा नियममा भएको व्यवस्था अनुसार एक आपसमा गाभिने शिक्षाको गुणस्तरमा वृद्धि गराउनुपर्दछ।	

क्र.सं.	विद्यालयको नाम	शिक्षक दरबन्दी	विद्यार्थी संख्या	विद्यार्थी शिक्षक अनुपात
१	साँगुते मावि कालापानी	१०	३५८	36
२	कल्लाबारी मावि कल्लाबारी	१३	३०३	23
३	कालिभूमे मावि बोत्ले	९	२६८	30
४	कालिका मावि दार्खा	१३	२९४	23
५	शारदा मावि पोखरे पोखरे भैंसे	११	४८१	44
६	शैलुङ प्रावि मेहेले	१	१८	18
७	सरस्वती प्रावि कोलामखान	३	६५	22
८	राष्ट्रिय प्रावि ढुङ्गे	४	८१	20
९	सञ्जीवनी आ.वि हिले	३	४४	15
१०	सेतीदेबी आ.वि निगाले	३	६२	21
११	शैलुङ्गेश्वर प्रावि पैती आरुखर्क	१	४१	41
१२	महादेव प्रावि झोर	२	५२	26
१३	भद्रेश्वर आ.वि साउँते	६	८६	14
१४	शैलुङ्गेश्वर आ.वि पाँडेखानी	३	६७	22
१५	कालापानी प्रावि कालापानी	१	३	3
१६	शैलुङ्गेश्वर आ.वि झोर मनगाउँ	५	१०७	21
१७	माहिलीश्वरी प्रावि टोड्के	१	0	0
१८	ताप्केडाँडा प्रावि नाइके	३	४७	16

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय							बेरुजु रकम
				१९	कमलामाई प्रावि जम्सिङ	२	१०	5		
				२०	शैलुङ्गेश्वर प्रावि ढुङ्गे	१	४१	41		
				२१	चण्डिका प्रावि आहाले ढाँडे	४	१४३	36		
				२२	जलधारा प्रावि पोखरे	२	४७	24		
				२३	कुण्ड प्रावि गैरी	१	२५	25		
				२४	दुधपोखरी आ.वि गैरो	६	१०१	17		
				२५	कालिभूमे प्रावि पाटा	१	१४	14		
				२६	दुर्गा मावि भैंसेचौर	१७	४०६	24		
				२७	मागापौवा मावि हिले	६	१६३	27		
				२८	नविन मावि चण्डीडाँडा	१२	२३२	19		
				२९	पिपलडाँडा आ.वि आहाले	६	८०	13		
				३०	नमुना प्रावि सल्लेरी	२	५०	25		
				३१	कमला आ.वि मानेडाँडा	३	७२	24		
				३२	वीरेन्द्र मावि बोजिनीडाँडा	१७	३३१	19		
				३३	मनमोहन शिक्षासदन प्रावि मागादेउराली	३	१४०	47		
					जम्मा	१७६	४२८७	24		

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४८</td><td></td><td></td><td>लागत बृद्धि
प्रधानमन्त्री रोजगार कार्यक्रम रोजगार संचालन निर्देशिका अनुसार उक्न आयोजनामा काम गर्ने श्रमिक तथा कामदारलाई रु ५१७ का दरले भुक्तानी दिने व्यवस्था रहेकोमा कार्यालयले निम्नानुसारका केही योजनामा लागत अनुमान तथा कार्यसम्पन्न प्रतिवेदनमा उक्त श्रमिकको ज्याला रु ७५० राखी बढी रकमको लागत अनुमान तथा कार्यसम्पन्न प्रतिवेदन तयार गरी भुक्तानी दिएको छ ।जसले गर्दा योजनाको वास्तविक लागत मा बृद्धि गरी अनियमित भएको रु
<table>
<tr><th>योजनाको नाम</th><th>उ स को नाम</th><th>७५० ज्यालादर राख तयार गरेको कार्यसम्पन्नको रकम</th><th>५१७ ज्यालादर राखी तयार गरेको कार्यसम्पन्नको रकम</th><th>फरक रकम</th></tr>
<tr><td>कुवा वडा केन्द्र विर्ता भकारे सडक मर्मत</td><td>रो उ स वडा नं ४</td><td>२२६१८२५</td><td>१५६०७६४</td><td>७०१०६१</td></tr>
<tr><td>बाखखोर माग भुमेथान सडक मर्मत समिति</td><td>रो उ स वडा नं ३</td><td>१४७६५७५</td><td>१०१७८५२</td><td>४५८७२३</td></tr>
<tr><td>विरेन्द्रमावी गाईघाट सडक मर्मत संभार</td><td>रो उ स ५</td><td>२२३४२५७</td><td>१५४०१४७</td><td>६९४११०</td></tr>
<tr><td>चौतारी काँडा पाटा पुरानो गाँउ जम्बुसिँग स मर्मत</td><td>रो उ स २</td><td>२२८८५८७</td><td>१५७७६००</td><td>७१०९८७</td></tr>
<tr><td>गोठपानी टुडिखेल सडक मर्मत संभार</td><td>रो उ स ६</td><td>२२५५२२०</td><td>१५५४५९८</td><td>७००६२२</td></tr>
<tr><td colspan="2">जम्मा</td><td></td><td></td><td>३२६५५०३</td></tr>
</table></td><td>३,२६५,५०३</td></tr>
<tr><td>४९</td><td></td><td></td><td>जोखिम भत्ता
जोखिम भत्ता : कोरोना (कोभिड १९) को संक्रमणको उपचारमा संलग्न जनशक्तिको जोखिम भत्ता व्यवस्थापन आदेश २०७७ को बुदा नं ६(२) मा प्रदेश तथा स्थानीय तहले कोभिड नियन्त्रण कार्यमा खटाएका जनशक्तिलाई सम्बन्धित प्रदेश सरकार तथा स्थानीय तहले नै जोखिम भत्ताको व्यवस्था गर्नुपर्ने उल्लेख छ । अत: पालिकाले आफ्नो श्रोतबाट खर्च गर्नुपर्ने देखिन्छ।तर पालिकाले सो नगरी संघीय ससर्त अनुदान शिर्षकको गो भौ ३२१।०७८।३।२६ र गो भौ नं ३२५।०३।२९ बाट रु १९२४६९४ खर्च लेखेको छ । उल्लेखित आदेश विपरित शिर्षक फरक पारी खर्च लेखेको रकम संघीय खातामा फिर्ता गर्नुपर्ने देखिएको रु</td><td>१,९२४,६९४</td></tr>
<tr><td>५०</td><td></td><td></td><td>क्षयरोग विरामीको दोस्रो कोहर्ट समिक्षा
क्षयरोग विरामीको दोस्रो कोहर्ट समिक्षा : पालिकाको स्वास्थ्य शाखाबाट संचालित पौष, माघ फाल्गुन चैत, बैशाख र जेष्ठ महिनाको क्षयरोग विरामीको कोहर्ट समिक्षा बापत गो भौ नं २८३।०७८।३।२२ बाट रु ३९९७६० भुक्तानी लेखेको श्रेस्ताको परिक्षण गर्दा निम्नानुसारको व्यहोरा देखियो ।
क) अर्थ मन्त्रालयद्धारा जारी कार्य संचालन निर्देशिका २०७५ को सातौ संशोधनको बुदा नं ७ अनुसार कार्यक्रमा सहभागीले सहभागी भत्ता बापत प्रति दिन ७०० का दरले भुक्तानी दिनुपर्नेमा १००० का दरले भुक्तानी दिई ५० जना सहभागीलाई बढी भुक्तानी भएको रु

ख) ३ दिन संचालन भएको स्वास्थ्य शिक्षा आमा समूह स्वास्थ्यको लागि सामाजिक व्यवहार परिवर्तन प्रवर्द्धन अभियान कार्यक्रमलागि सहभागी ३३ जनालाई १००० को दरले सहभागी भत्ता बापत रकम भुक्तानी गरि बढी भुक्तानी भएको रु</td><td>३८,००४</td></tr>
<tr><td>५१</td><td></td><td></td><td>सुरक्षा कार्यक्रम
सुरक्षा कार्यक्रम : आमा सुरक्षा कार्यक्रम अन्तर्गत गत वर्ष रु ७ लाख पेश्की वितरण गरी यस आ व मा गो भौ नं १३३।०७७।२।२५ पेश्की फर्छयौट गर्दा ५२८००० को बिल भरपाई पेश गरी बाँकी रकम रु १७१००० गाउँपालिकाको खातामा जम्मा गरेको देखियो। अत संघीय सर्सतको रकम संघीयकोषमा दाखिला गर्नुपर्ने रु.</td><td>१७१,०००</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५२			**सेनटरी प्याड वितरण** सेनटरी प्याड वितरण तथा व्यवस्थापन कार्यविधि, 2076 मा विद्यालयले छात्रा विद्यार्थी लगत तयार गरी सम्बन्धित स्थानीय तहमा लेखी पठाउने र स्थानीय तहले प्राप्त संख्याको आधारमा एक महिनामा बढीमा प्रति विद्यार्थी १६ वटा सेनेटरी प्याड वितरण गर्ने गरी सम्बन्धित विद्यालयको महिला शिक्षक वा कर्मचारीलाई सम्पर्क व्यक्ति तोकी प्याड वितरण प्रकृया सुचारु गरी सोको भरपाई तयार गरी अर्को महिनाको ७ गते सुचना पार्टिमा विवरण टास्नु पर्ने व्यवस्था उल्लेख गरेको छ । गाँउपालिकाले उक्त प्रकृया पुरा नगरी यस वर्ष उक्त शिर्षकमा गो भौ नं. २७३/2078.3.22 बाट सेविका सर्जिकल एण्ड औजार उपकरण हाउस रु. ९९१२१३ भुक्तानी दिएको छ ।आ.व. को अन्त्यमा सामाग्री खरिद गरी वितरण गरिएकोमा कार्यक्रमको उद्देश्य अनुरुप शिक्षाको गुणस्तरमा टेवा पुगेको/नपुगेको भन्न सकिने आधार देखिएन।साथै उक्त सामाग्री वितरण नगरी स्टोरमा मौज्दातमा रहेको कार्यालयले जनाएको छ। गाँउपालिकाले यस सम्बन्धमा अनुगमन गर्नुपर्दछ । क) उक्त सामाग्रीको गुणस्तर परिक्षण गरी वितरण गर्नुपर्नेमा सो गुणस्तर परिक्षण गरेको प्रमाण पेश गरेको छैन । साथै विद्यालयगत अभिलेख खाता नभएको कारण कुन विद्यालयलाई कति मात्रामा आवश्यक थियो र सो बमोजिम वितरण भए/नभएको एकिन गर्न सकिएन ।	
५३			**पोषण कार्यक्रम** पोषण कार्यक्रम : आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७, को नियम (३९ (१०)मा कार्यालय प्रमुखले बिल भर्पी समेत लेखा राख्ने र सो को औचित्यको आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ।पालिकाले पोषण कार्यक्रम संचालन गर्दा सुत्केरी आमालाई विवरण गर्ने कार्ययोजना बमोजिम १७५ फिल्टर खरिद गरी गो भौ नं २७२।०७८।३।२२ बाट अल इन वान अर्डर एण्ड सप्लायर्सलाई रु २९७५०० खर्च भएकोमा उक्त फिल्टर वितरण भरपाई पेश नभएको रु.	२९७,५००
५४			**राष्ट्रपती शैक्षिक सुधार कार्यक्रम** राष्ट्रपती शैक्षिक सुधार कार्यक्रम अन्तर्गत दुधपोखरी आ.वि. लाई २ कोठे भवन निर्माण कार्यक्रम अन्तर्गत covid-19 का कारण तेस्रो चौमासिकमा निकासा फुकुवा भई आएकोले २०७८/२/१६ को कार्यादेश अनुसार २०७८/३/२२ मा कार्यसम्पन्न गर्ने गरी सम्झौता अनुसार कार्य गरेकोमा कार्यसम्पन्न भएको प्रतिवेदन पेश नभएकोले कार्यसम्पन्न भए, नभएको सम्बन्धमा यकिन गर्न सकिएन। कार्यालयले यस सम्बन्धमा कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने	१,८००,०००
५५			**दिवा खाजा कार्यक्रम** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१) अनुसार कार्यालय प्रमुखले सरकारी रकम खर्च गर्दा सम्बन्धित बजेट तथा कार्यक्रमको सिमा भित्र रही खर्च गर्नुपर्ने व्यवस्था रहेको छ।पालिकाले विद्यालय व्यवस्थापन संचालन अनुदान खर्च बापत नपुग रकम रु. ३२००० दिवा खाजा कार्यक्रम शिर्षकबाट रकमान्तर गरी खर्च गरेको छ। नियमको व्यवस्था अनुरुप कार्य नगरी अनियमित भएको रु.	३२,०००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५६			**कार्यक्रमको प्रतिवेदन** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(७ र ८) अनुसार कार्यक्रमको लागत अनुमान स्वीकृत गरी कार्यक्रम संचालन र समापन पश्चात आवश्यक बिल भरपाई पेश गर्ने साथै सम्बन्धित निकायबाट अनुगमन गरी अनुगमन प्रतिवेदन र कार्यकर्मको यथार्थ वस्तुस्थिति झल्किने कार्यक्रमको प्रतिवेदन पेश गर्नुपर्ने छ। यस वर्ष पालिकाले बिभिन्न सामुदायिक तथा आधारभुत विद्यालयहरुलाई बिभिन्न कार्यक्रम शिर्षकमा अनुदानस्वरुप रकम भुक्तानी गरेको छ। यस्ता खर्चहरु यसप्रकार छन्	

भौ./मिति	विद्यालयको नाम	कार्यक्रम	रकम
८९/७७/१२/१८	कालिका मा. वि -७	तोकिएको सुचाङकको आधारम कारय सम्पादनमा आधारित अनुदान ५०००० प्रति बिद्यालय	२०००००
	कालेभुमे मा. वि.-३		
	नविन मा. वि.-२		
	मागापौवा मा.वि.-४		
८९/७७/१२/१८	शारदा मा. वि. -८	पुस्तकालय स्थापन तथा व्यवस्थापन	६५००००
८९/७७/१२/१८	विरेन्द्र मा. वि.- ५	शिक्षण सिकाईका लागि ICT	६५००००
८९/७७/१२/१८	दुर्गा मा. वि. -४	विज्ञान प्रयोगशाला प्रति विद्यालय ६५०००० का दरले	१९५००००
	कल्लाबारी मा. वि.-१		
	साँगुते मा.वि. -७		
८९/७७/१२/१८	कमला आ.वि.-४	नि. मा. वि. विज्ञान, अङ्ग्रेजी, गणित वषयको क्रियाकलापमा आधारित ५०००० का दरले	१५००००
	पिपलडाँडा आ. वि.-४		
	भद्रेश्वर मा. वि. ७		
जम्मा			३६०००००

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५७</td><td></td><td></td><td>लागत साझेदारी
कृषि मन्त्रालयद्धारा जारी अनुदानमा आधारित कार्यक्रम संचालन निर्देशिका 2077 अनुसार ५० प्रतिशत अनुदानको फलफुल दशक कार्यक्रम अन्तर्गत स्थानिय तहमा विरुवा बितरणको ५०% अनुदान कार्यक्रम संचालन गर्दा वितरणका लागि विरुवा तथा औजार खरिद गर्दा कुल बजेटको ७०% विरुवा खरिद र बाँकी ३०% रकम औजार खरिदमा खर्च गर्नसक्ने व्यबस्था रहेको छ । कार्यक्रम संचालन गर्दा कार्यविधि अनुसार विरुवा बितरणको कार्यमा लागत सहभागिता गराईएको भएतापनि, ३०% बराबरको कृषि औजार खरिद गर्दा समेत ५०% लागत सहभागिता बापतको रकम कट्टी गरी भुक्तानी दिनुपर्नेमा कार्यालयले बिल अनुसार सबै रकम रु. 237598 गो भौ नं 295/078.3.23 बाट भुक्तानी भएको छ । नियमानुसार कार्यालयले रु . ११८७९९ र सम्बन्धित लागग्राही कृषक समूहले रु.118799 लागत सहभागितामा खर्च लेख्नुपर्नेमा सबै खर्च कार्यालयले व्यहोरेको देखिएकाले कार्यालयलाई रु.18799 थप व्ययभार भएको छ । आगामी दिनमा यस प्रकारको कार्यमा सुधार गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>५८</td><td></td><td></td><td>वढी भुक्तानी
गो. भौ.नं. ३८/७७/९/१२ बाट श्री महादेब प्रा. वि.का प्रधानाध्यापक पुर्ण बुढालाई पौष महिनाको तलब भुक्तानी गर्दा रमाना पत्रमा पौष १६ गते बाट रमाना लिई गएकोमा पौष महिनाको पुरै तलब निकाशा भएकोले बढी नाकाशा भएको रकम असुली गर्नुपर्ने रु..
<table>
<tr><th>तलब</th><th>महङ्गी भत्ता</th><th>बिमा</th><th>संचय कोष</th><th>प्रध्यानाध्यापक भत्ता</th><th>जम्मा</th><th>१४ दिनको</th></tr>
<tr><td>२६६२०</td><td>२०००</td><td>४००</td><td>२६६१</td><td>२००</td><td>३१८७१</td><td>१४८७३</td></tr>
</table></td><td>१४,८७३</td></tr>
<tr><td>५९</td><td></td><td></td><td>स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम
स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम (संचालन कार्यविधि) नियमावली २०७६ बमोजिम कार्यान्वियन हुने स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रमको लागि यस स्थानीय तहलाई देहायअनुसार परियोजना संचालन गर्न रु.६० लाख बजेट प्राप्त भएको जनश्रमदान सहित रु.६९ लाख ६८ हजार खर्च भई १०० प्रतिशत भौतिक प्रगति भएको छ ।
<table>
<tr><th rowspan="2">क्र स</th><th rowspan="2">योजनाको नाम</th><th>योजनाको</th><th rowspan="2">बजेट</th><th rowspan="2">लागत अनुमान</th><th rowspan="2">खर्च (१० % जनसहभागिता सहित)</th><th colspan="2">यस वर्षको प्रगति</th></tr>
<tr><th>प्रकार</th><th>भौतिक</th><th>बित्तीय</th></tr>
<tr><td>१</td><td>ओखरबोट गोठपानी फस्कु सडक शैलुङ्ग -६</td><td>सडक</td><td>२००००००</td><td>२१४६४५२</td><td>२१६१३८८</td><td>१००</td><td>१००</td></tr>
<tr><td>२</td><td>सयपाटी साना किसान कृषि सहकारी संस्था शैलुङ्ग -४</td><td>भवन निर्माण</td><td>१००००००</td><td>१०९७३८३</td><td>१३३०१४६</td><td>१००</td><td>१००</td></tr>
<tr><td>३</td><td>२ वटा</td><td>सडक र भवन निर्माण</td><td>३००००००</td><td>३२४३८३५</td><td>३४९१५३४</td><td>१००</td><td>१००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>६००००००</td><td>६४८७६७०</td><td>६९८३०६८</td><td>१००</td><td>१००</td></tr>
</table>
क) स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम (संचालन कार्यविधि) नियमावली २०७६ को बुदा नं. ६(घ) निर्देशक समितिले छनौट गरेका आयोजना स्वीकृतीका लागि स्थानीय तहमा लेखी पठाउने र स्थानीय तहको स्वीकृती पश्चात् योजना संचालन गर्नुपर्न व्यवस्था रहेता पनि यस कार्यक्रम अन्तर्गत निर्देशक समितिले सोझै योजना पठाएको देखिन्छ जसले स्थानीय आवश्यकताको सम्बोधन नहुनसक्ने भएकाले सम्बन्धित निकायले यस्ता आयोजना संचालन गर्दा नियमानुसार प्रकृया अवलम्वन गरि प्रभावकारी योजना छनौट हुने पद्धतिमा ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
६०			**सोलार खरिद** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८ मा सार्वजनिक निकायले बार्षिक खरिद योजना तयार गरी आवश्यकताको आधारमा खरिद गर्नुपर्ने व्यवस्था रहेको छ। गौरीशंकर गाँउपालिकाले विभिन्न घरलाई सुधारीएको चुल्हो निर्माण कार्यको लागि सुप्रिम सोलार प्रा लि. सँग संम्झौता गरी सप्लायर्सलाई गो भौ नं ३१७/७८/२४ बाट विलको आधारमा रु. १७६९०२.५५ भुक्तानी भएको छ । संम्झौताको शर्त बमोजिम आयोजना सम्पन्न भए पछि अन्तिम भुक्तानीको लागि कार्य सम्पन्न प्रतिवेदन नापी किताव प्रमाणित विल भरपाई योजनाको फोटो आय ब्ययको अनुमोदन, सार्वजनिक लेखापरीक्षण लगायतका कुराहरु पेश भएपछि जाँचपास तथा फरक गरी अन्तिम भुक्तानी दिनुपर्ने उल्लेख भएकोमा खरिद सामग्री मौज्दातमै रहेको छ।अत : आवश्यकता पहिचान गरी खरिद नगरेको रु	१७६,९०२.५५
६१			**विपद व्यवस्थापन समिति** समिति गठन- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा प्रत्येक स्थानीय तहले अध्यक्ष तथा प्रमुखको अध्यक्षतामा बढीमा १५ जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ । पालिकाले ऐनमा तोकिएबमोजिमको समिति गठन गरेको भएतापनि नियमित रुपमा बैठक बस्ने गरेको पाइएन । ऐनमा तोकिएबमोजिम समितिको कार्यलाई प्रभावकारी बनाउनुपर्दछ । कार्य योजना - विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद्/कार्यकारी/प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्धार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे/नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिसम्बन्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने/गराउने व्यवस्था छ । पालिकाले ऐन तथा नियमावलीको पालना गर्नु/गराउनु पर्दछ । विपद् व्यवस्थापन कोष: विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २३(१४) मा विपद् व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद् व्यवस्थापन कोष रहने र कोषमा रहने रकम तथा कोषको सञ्चालन सम्बन्धी व्यवस्था सम्बन्धित स्थानीय तहले बनाएको नियममा तोकिएबमोजिम हुने व्यवस्था छ । पालिकाले गत वर्षको मौज्दात समेत रु.१०७७७२६४.५ आम्दानी भई रु.९११०४०५.८३ खर्च गरी बाँकी रु. १६६६८५८.६७ देखिन्छ।पालिकाले नियममा तोकिएबमोजिम नियम बनाएको छैन । ऐन तथा नियममा भएको व्यवस्थाको पालना हुनुपर्दछ । वार्षिक प्रतिवेदन – विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>६२</td><td></td><td></td><td>

कोभिड

स्थानिय तहको आफ्नै बजेटबाट बिनियोजन रु.६० लाख, संघीय संचित कोषबाट रु.१० लाख र प्रदेश संचित कोषबाट रु.५ लाख गरी रु.७५ लाख प्राप्त भएकोमा निम्नानुसार राहत रु.६८ लाख ४३ हजार खर्च भएको छ ।

<table>
<tr><th>सि. नं.</th><th>आय</th><th>रकम</th><th>व्यय</th><th>रकम</th></tr>
<tr><td>१</td><td>संघिय सञ्चित कोषबाट</td><td>१००००००</td><td>राहत वितरण</td><td>११५२०००</td></tr>
<tr><td>२</td><td>स्थानिय सञ्चित कोषबाट</td><td>६००००००</td><td>क्वारेन्टिन होल्डिङ्ग सेन्टर निर्माण व्यवस्थापन</td><td>०</td></tr>
<tr><td>३</td><td>प्रदेश कोभिड कोषबाट</td><td>५०००००</td><td>औषधी एवं स्वास्थ्यउपकरण तथा खरिद सामग्री</td><td>१५०८६७०</td></tr>
<tr><td>४</td><td></td><td></td><td>स्वास्थ्य पुर्वाधार निर्माण (कौँभिड अस्पताल निर्माण)</td><td>१८४८३२५</td></tr>
<tr><td></td><td></td><td></td><td>जनशक्ती परिचालन (जोखिम भत्ता)</td><td>२३३३६२७.४</td></tr>
<tr><td>५</td><td></td><td></td><td>अन्य शिर्षक</td><td>०</td></tr>
<tr><td>६</td><td></td><td></td><td>बाँकी</td><td>६५७३७८</td></tr>
<tr><td></td><td>जम्मा</td><td>७५०००००</td><td>जम्मा</td><td>६८४२६६२</td></tr>
</table>

क) जोखिम भत्ता :- पालिकाले पेश गरेको कोरोना खर्च आय व्यय विवरणमा पेश भएको जोखिम भत्ता को विवरण मा स्वाथ्य तर्फका कर्मचारीलाई रु. 1544848 र प्रशासनिक कर्मचारीलाई जोखिम भत्ता बापत रु 788787 गरी रु 2333627.4 संघीय सशर्त अनुदान शिर्षकबाट खर्च लेखेको छ ।

ख) प्रशासनिक कर्मचारीलाई भत्ताः कोरोना भाइरसको संक्रमणको उपचारमा संलग्न जनशक्तिको जोखिम भत्ता व्यवस्थापन आदेश २०७७ को बुदा नं. ३ मा स्थानीय तहमा कोरोना उपचारमा संलग्न कर्मचारी तथा अन्य जनशक्ति व्यवस्थापनमा संलग्न कर्मचारी तथा कोरना नियन्त्रण कार्यको अनुगमन मूल्याङ्कन तथा व्यवस्थापनमा संलग्न कर्मचारीलाई सो कार्यमा खटाएको प्रमाण वा खटिएको स्थानमा कार्य गरको प्रमाणित हाजिरी पेश भएको खण्डमा शुरु तलव स्केलको ५० प्रतिशत सम्म जोखिम भत्ता दिन सक्ने व्यवस्था रहेको मा सो कार्यमा संलग्न भएको भनि विभिन्न पदका प्रशासनिक शाखामा कार्यरत कर्मचारी उक्त माथी उल्लेखित कार्यमा सरिक भएको भनि प्रशासनिक कर्मचारीलाई जोखिम व्यवस्थापन नियन्त्रण कार्यमा खटिएको भनि रु.७८८७८७ खर्च लेखेको छ । उपरोक्त कार्यमा खटिएको प्रमाण र प्रमाणित हाजिरी पेश हुनुपर्दछ ।

ग) राहत विवरण:- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली 2077 को नियम 39(10) मा जिम्मेवार पदाधिकारीले बिल भरपाई सहित लेखा राखी सोको औचित्यका आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ । कार्यालयले विपद व्यवस्थापन अन्तर्गत कोरोना पोजिटिभ देखिएका ९१ व्यक्तिहरुलाई वडाको सिफारिशमा प्रति व्यक्ति रु.७००० का दरले नगद राहत रु.६३७००० र कोरोनाको कारण मृत्यु भएका ब्यक्तिलाई १००००-१५००० का दरले वितरण गरी रु.,... कोरोनाको कारण मृत्यु भएका वडा अध्यक्ष का परिवारलाई गाउँपालिकाको निर्णयको आधारमा रु. हजार समेत रु.११५२००० वितरण गरी खर्च लेखेको छ।

</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
६३			**द्वन्द्व प्रभावित परिवारलाई सहायता कार्यक्रम** द्वन्द्व प्रभावित परिवारलाई सहायता गर्ने कार्यविधि २०७७ को बुदा नं ५(ग) मा स्वरोजगारमूलक व्यवसाय संचालन गर्न चाहने द्वन्द्व पिडित तथा निजको परिवारले निवेदनको साथ व्यवसाय संचालनको लागि आवश्यक सिपको प्रमाण पत्र व्यवसाय दर्ता प्रमाणपत्र स्थानीय तहको सिफारिस र व्यवसायमा आफ्नो लगानीको कार्ययोजना सहित व्यवसाय गर्न चाहेमा रु.५० हजार सम्मको विउ पूँजी उपलब्ध गराउन सकिने व्यवस्था उल्लेख छ । कार्यालले कार्यविधि अनुसार २ जना द्वन्द्व पिडित परिवारका सदस्य बलराम कार्की र रोसन घिसिङ्ग लाई जनही रु.५०००० का दरले गो भौ नं २ र ३ २०७८।३।२३ र २४ बाट रु १००००० भुक्तानी गरेकोमा निम्नानुसारको व्यहोरा देखियो । क) निर्देशिका मा स्वरोजगार व्यवसाय संचालन गर्न इच्छुक व्यक्तीले आफ्नो लगानीको कार्ययोजना समेत पेश गर्नुपर्नेमा सो गरेको पाईएन । ख) विउ पुँजीको रुपमा उपलव्ध गराएको रकमको कार्ययोजना अनुसार कार्य गरे नगरेको अनुगमन गरी प्रतिवेदन पेश गर्नुपर्ने रु	१००,०००
६४			**सामाजिक सुरक्षा भत्ता निकासा\खर्चः** सामाजिक सुरक्षा भत्ता निकासा\खर्चः यस आर्थिक बर्षमा कार्यालयले कुल ८ वटा वडाहरुमा सामाजिक सुरक्षा भत्ता वितरणमा रु.७६४२६४२० निकासा तथा रु.७४५५०८२० वितरण गरी बाँकी रकम फिर्ता गरेको छ। क) सामाजिक सुरक्षा सम्वन्धि २०७५ को दफा १७ र सामाजिक सुरक्षा नियमावली, २०७६ को नियम १०(३) मा सामाजिक सुरक्षा भत्ता वितरण गर्दा बैङ्किङ प्रणालीबाट मात्र गर्नुपर्ने व्यवस्था गरिएको छ।सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को १६(घ) मा प्रणाली मार्फत सामाजिक सुरक्षा भत्ता वितरणमा नगईसकेका स्थानीय तहको हकमा सम्बन्धित वडा समितिको रोहबरमा भत्ता रकम वितरण गर्नपर्ने व्यवस्था रहेको छ ।त्यसैगरी सामाजिक सुरक्षा कार्यविधि, २०७५ बुदा नं.२२ मा मन्त्रालयको स्वीकृति बिना हातहातै नगद वितरण गर्न नपाईने व्यवस्था उल्लेख व्यवस्था भएतापनि गाउँपालिकाले यस सम्बन्धमा मन्त्रालयबाट स्वीकृति नलिई हातहातै नगद वितरण गरी औठाछाप/सहीका आधारमा भर्पाई राखी भत्ता वितरण गरिएको छ। यसबाट वास्तविक लाभग्राहीले नै भत्ता पाए, नपाएको सुनिश्चित भएन। यस सम्बन्धमा गाउँपालिकाले वास्तविक लाभग्राहीले भत्ता रकम पाए, नपाएको यकिन गर्नुपर्ने देखिन्छ।सामाजिक सुरक्षा भत्ता वितरण यथाशिघ्र बैकिङ प्रणालीबाट गर्ने, लाभग्राही नामावली तथा सम्पूर्ण विवरण समयमा नै उल्लेखित विद्युतिय प्रणालीमा ईन्ट्री गर्ने, आवश्यक लगत कट्टा गर्ने, दोहोरो नामावली हुन नदिने, MIS प्रणालीमा उल्लेख बमोजिमको लाभग्राहीहरुलाई भत्ता वितरण पश्चात वडागत रुपमा, नाम नामेसी, परिचयपत्र नं., नागरिकता नं. आदि उल्लेख गरिएको बैंक भर्पाई माग गरी तोकिएका सामाजिक सुरक्षा भत्ता लाभग्राहीले नियम बमोजिम भत्ता प्राप्त गरे-नगरेको सुनिश्चित गर्ने गर्नुपर्दछ। ख) सामाजिक सुरक्षा नियमावली, २०७६ को नियम १२ मा स्थानीय तहले सामाजिक सुरक्षा भत्ता वितरण गर्नु अघि भत्ता पाउने व्यक्तिको अभिलेख राख्दा ऐनको दफा १७ बमोजिम आफुले भत्ता वितरण गर्ने नागरिकको वडागत रुपमा अन्तिम सूची तयार गरी अनुसूची-३ बमोजिम फोटोसहित तोकिएको ढाँचामा राख्नुपर्दछ। गाउँपालिकाले अभिलेख राख्दा सम्पूर्ण सामाजिक सुरक्षा भत्ता लाभग्राहीहरुको फोटो, परिचय पत्र नं., नागरिकता नम्बर, अपाङ्गता परिचय पत्र नं., राष्ट्रिय परिचयपत्र नं.आदि जस्ता पूर्ण विवरण उल्लेख गरी अभिलेख तथा MIS विवरणमा राखेको पाईएन । यस सम्बन्धमा कार्यालयले तोकिएको ढाँचामा पूर्ण विवरण उल्लेख गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्दछ।	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>६५</td><td></td><td></td><td>
प्रदेश पूर्वाधार विकास साझेदारी कार्यक्रम
प्रदेश पूर्वाधार विकास साझेदारी कार्यक्रम (संचालन कार्यविधि) नियमावली २०७६ बमोजिम कार्यान्वियन हुने प्रदेश पूर्वाधार विकास साझेदारी कार्यक्रमको लागि यस स्थानीय तहलाई देहायअनुसार परियोजना संचालन गर्न रु.१ करोड २० लाख बजेट प्राप्त भएकोमा जनसहभागिता सहित रु.१ करोड २६ लाख ७९ हजार खर्च भई १०० प्रतिशत भौतिक प्रगति भएको छ ।
<table>
<tr><th rowspan="2">क्र स</th><th rowspan="2">योजनाको नाम</th><th>योजनाको</th><th rowspan="2">बजेट</th><th rowspan="2">लागत अनुमान</th><th rowspan="2">खर्च (१० % जनसहभागिता सहित)</th><th colspan="2">प्रगति</th></tr>
<tr><th>प्रकार</th><th>भौतिक</th><th>बित्तीय</th></tr>
<tr><td>१</td><td>रंगशाला सुरे ओख्रे सडक शैलुङ्ग ३</td><td>सडक</td><td>१००००००</td><td>११०१२०४</td><td>११७३५०६</td><td>१००</td><td>१००</td></tr>
<tr><td>२</td><td>सागुते मा. वि. पुर्वाधार निर्माण शैलुङ्ग-७</td><td>भवन निर्माण</td><td>१००००००</td><td>१०६८९७६</td><td>१०७२११२</td><td>१००</td><td>१००</td></tr>
<tr><td>३</td><td>बाघखोर भुषाफेदा जम्बुसिं सडक शैलुङ्ग-२</td><td>सडक</td><td>१५०००००</td><td>१६५४४०९</td><td>१६५५०१८</td><td>१००</td><td>१००</td></tr>
<tr><td>४</td><td>विरेन्द्र मा. वि. पुर्वाधार निर्माण शैलुङ्ग-५</td><td>भवन निर्माण</td><td>२५०००००</td><td>२७९९७८७</td><td>२८०९८२८</td><td>१००</td><td>१००</td></tr>
<tr><td>५</td><td>सडक निर्माण र विद्यालय पुर्वाधार निर्माण</td><td>४ वटा</td><td>६००००००</td><td>६६२४३७६</td><td>५९६८७५०</td><td>१००</td><td>९९.४७</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>१२००००००</td><td>१३२४८७५२</td><td>१२६७९२१४</td><td>१००</td><td>९९.८९</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>६६</td><td></td><td></td><td>
बैठक भत्ता
अर्थमन्त्रालयको कार्य संचालन निर्देशिका 2075 को बुदा नं 7.1.1 मा बैठक भत्ता प्राप्त गर्नको लागि बैठकको स्पष्ट विषयवस्तु वा कार्ययोजना हुनुपर्ने, कार्यालय समय भन्दा अघि वा पछि हुनुपर्ने, एकै निकाय वा अन्तर्गतका पदाधिकारी मात्र उपस्थिति रहेको बैठक हुन नहुने, कानून अनुसार गठित समितिको बैठक तथा आमन्त्रित रुपमा सदस्य राख्न नहुने तर विशेषज्ञता आवश्यक पर्ने बैठकमा ३ जना सम्म आमन्त्रित भएको हुनुपर्ने व्यवस्था गरेको छ । त्यस्तै स्थानीय सरकार संचालन ऐन २०७४ को दफा नं 73(6) मा प्रमूख प्रशासकिय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यता कायम गर्न आवश्यक व्यवस्था मिलाउनुपर्ने व्यवस्था रहेको छ । माथि उल्लेखित निर्देशिका बमोजिम बाहेकको बैठकहरुमा समेत स्थानीय सरकार संचालन ऐनको दफा बमोजिम बैठक भत्तामा मितव्ययिता सम्बन्धि कुनै कानूनी व्यवस्था नगरी पालिकाले विभिन्न मूल्याङ्कन समितिको बैठक बापत गो भौ नं २।०७८।३।२७ बाट रु ५२४४०० खर्च लेखेको छ। यस प्रकारको बैठक भत्ता वितरण कार्यलाई नियमित मान्न सकिएन । यसलाई नियन्त्रण गरी मितव्ययिता अपनाउनुपर्दछ।
</td><td></td></tr>
<tr><td>६७</td><td></td><td>२०७९-२-१०</td><td>
बाघखोर भुषाफेदी जम्वुसिँ सडक उपभोक्ता समिति
सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१०) मा उपभोक्ता समिति वा लाभग्राहि समुदायले पाएको काम आफुले नै गर्नुपर्ने छ र कुनै निर्माण व्यवसायी र सब कन्ट्राक्टरबाट गराउन नपाउने व्यवस्था छ। बाघखोर भुषाफेदी जम्वुसिँ सडक उपभोक्ता समिति लाई सडक निर्माण बापत गो भौ नं ५।०७८।३।१५ बाट रु १४४०००० भुक्तानी भएकोमा निम्नानुसारको विवरण देखियो ।

क) कार्यसम्पन्न रु १६५८०१८ भएको कार्यको लागि बाँसुकी कन्ट्रक्सन प्रा लि को डोजर मात्र प्रयोग गरी बाटो निर्माण गरेको भनी डोजर भाडा बापत रु ७७६६०० र गौरी शंकर आयल स्टोरको तेलबापतको बिल रु .....

ख) डोजर चलाएबापत बासुकी कन्ट्रक्सन को बिजक नं ००५ बाट रु १००९५८ भ्याट रकम भुक्तानी भएको उक्त भ्याट रकमको करसमायोजनपत्र पेश गर्नुपर्ने रु
</td><td>५००,९५८</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>६८</td><td></td><td></td><td>

डीपीआर खर्च

४ M– डीपीआर खर्च – पालिकाले बजेट व्यवस्थापन हुनसक्ने योजनाको प्राथमिकताको आधारमा अत्यावस्यक आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो वर्ष स्वीकृत वार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरेको छ ।

<table>
<tr><th>क्र स</th><th>कार्यक्रमको नाम</th><th>परामर्शदाता</th><th>स्विकृत बजेट</th><th>खर्च रकम</th><th>अध्ययनबाट निर्धारण भएका आयोजनाको लागत</th></tr>
<tr><td>१</td><td>मुडे-मेलुङ्ग-सडक
बाघखोर(भैंसेडाँडा खण्ड)</td><td>सिंगटी ईन्जिनियरिङ्ग प्रा. लि.</td><td>१००००००</td><td>९६०५००</td><td>१०६२००३३७३.३१</td></tr>
<tr><td>२</td><td>RMTMP</td><td>पास कन्सल्टेन्ट प्रा. लि.</td><td>५०००००</td><td>४९२९६२.५</td><td>६०५०७६४६१</td></tr>
<tr><td>३</td><td>कालापानी शैलुङ्ग मिनी
ग्रेटवाल निर्माण</td><td>प्रोक्सिमा ईन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा. लि.</td><td>१००००००</td><td>९८८७५०</td><td>१३५०७६००९.७</td></tr>
<tr><td>४</td><td>हिलेजोगीडाँडा शेरा सडक</td><td>ईकोनोमिक भिजन प्रा. लि.</td><td>५०००००</td><td>४९४९४०</td><td>२३५८८९६९७.८७</td></tr>
<tr><td>५</td><td>गोलामा खोला दुधपोखरी
कल्लाबारी खानानी योजना</td><td>टेक्नोटिक ईन्जिनियरिङ्ग प्रा. लि.</td><td>५०००००</td><td>४९३६६८.७५</td><td>५११९२९२३.४४</td></tr>
<tr><td>६</td><td>कात्तिके गोलेसिम डाँडागाउँ
बम्राजी खानेपानी योजना</td><td>सगरमाथा कन्स्ट्रक्सन एण्ड डिजाईन प्रा. लि.</td><td>५०००००</td><td>४९२९६२.५</td><td>२१२७११४४.२४</td></tr>
</table>

क) परामर्शत दातालाई दिएको टर्म अफ रिफरेन्समा ड्राफ्ट रिपोर्ट एक प्रति फाइनल रिपोर्ट २ प्रति बुझाउनुपर्ने र भुक्तानी तरिकामा ३० प्रतिशत भुक्तानी फिल्ड र डाटा पेश भएपछि ५० प्रतिशत भुक्तानी ड्राफ्ट रिपोर्ट पेश भएपछि र २० प्रतिशत भुक्तानी अन्तिम प्रतिवेदन पेश भएपछि हुने उल्लेख भएको एकै पटक भुक्तानी भएको आधारमा फिल्ड प्रतिवेदन र ड्राफ्ट प्रतिवेदन प्राप्त भई सो उपर छलफल राय सुझाव सहित अन्तिम प्रतिवेदन पेश भएको सम्वनधमा विश्वस्त हुने आधार देखिएन ।

</td><td></td></tr>
<tr><td>६९</td><td></td><td></td><td>

मु अ कर

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ (२ क) अनुसार २५ हजार माथी को कारोवार भ्याट बिलको प्रयोग गर्नुपर्दछ भन्ने व्यवस्था रहेको छ। पालिकाले खेलकुद क्षेत्र प्रवर्द्धन कार्यक्रम अन्तर्गत मान बहादुर तामाङ्गलाई भुक्तानी दिदा रु.२५ हजार भन्दा माथीको भुक्तानीमा प्यान बिलमा कारोबार भएको छ।नियमानुसार मूल्य अभिबृद्धि बापत १३ प्रतिशत र अग्रिमकर बापत १.५ प्रतिशत गरी १४.५ प्रतिशतका दरले कर कट्टि गरि रकम संघीय राजस्व खातामा दाखिला गर्नुपर्ने रु

</td><td>६,८६५</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
७०			**प्रमाण कागजात** उपभोक्ता समितिको बिल भरपाईमा कमी : सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(६) मा उपभोक्ता समिति वा लाभग्राही ले सम्पन्न गर्दा प्राविधिक मूल्याङ्कन बिल भरपाई र खर्च प्रमाणीत गर्ने अन्य कागजातको आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले निम्न अनुसारको उपभोक्ता समितिबाट कार्य गराई भुक्तानी दिदा पेश गरेको बिल भरपाईको जोडजम्मा कम भएको हुदा नपुग बिलको प्रमाण पेश गर्नुपर्ने रु.	४६,४१७

गो भौ नं र मिति	उपभोक्ता समितको नाम	कार्य विवरण	नपुग रकम
५०।०७७।१०।४	भूमिथान भुरुङ्गा सडक उ स	सडक मर्मत	७५४८
६१।०७७।१०।११	ठूलो घर शैलुङ्ग अस्पताल सडक मर्मत उ स	सडक मर्मत	४३६४
६५।०७७।११।१७	सत्तेश्वर भैसे सडक उ स		१७३२५
६७।०७७।११।१७	वडा कार्यालय मैदाने हेल्थ पोष्ट सडक	सडक मर्मत	०
११४।०७७।२।२८	सिद्धेश्वरी मन्दिर निर्माण उ स	मन्दिर मर्मत	१४१८०
जम्मा			४६४१७

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
७१			**धरौटी** कार्यालयले पेश गरेको धरौटी सम्बन्धी विवरण अनुसार शैलुङ गाउँपालिकाको वडामा अवस्थित पर्यटकीय स्थल कालापनी क्षेत्रमा घरजग्गा लिज तथा बहालमा दिने निर्देशिका, २०७७ बमोजिम ठूलो सामुदायिक भवन मा प्रति महिना रु ५००० , सानो भवन प्रति महिना 2000 र अन्य क्षेत्रमा प्रति वर्ग मिटर रु ५ का दरले न्यूनतम रकम कवोल गर्नुपर्ने गरी ठूलो तथा सानो भवन सहित ११ स्थानको लागि घर जग्गा भाडामा लगाउनको लागि मिति 2077.08.10 मा सुचना प्रकासन गरिएको छ । बढी कवोल गर्ने पक्षलाई सम्झौता गर्न मिति 2077.10.12 मा सुचना गरी सम्झौता भएको जस अनुसार कालापानी क्षेत्रको भनव 2078.10.1 देखि ३० वर्षको लागि सम्झौता गरिएको छ । जस अनुसार यस वर्ष विभिन्न ११ जना ले धरौटी बापत 22/2078.2.13 बाट रु 764083 धरौटी खातामा रकम जम्मा गरेको देखिन्छ । बास्तविक अध्ययन गरी लागत अनुमान तयार नगरी ठेक्का प्रकृया आव्हान गरी सम्झौता गरिएकोमा ठेक्का प्रकृया प्रतिष्पर्धी भएको एकिन गर्न सकिएन ।	
७२			**चर्नावती वृद्धाश्रम** विगतमा महिला वालवालिका कार्यालयले चर्णावती त्रिवेणी विकास तथा प्रवर्द्धन संघ लाई वृद्धाश्रम निर्माण गर्न रकम उपलव्ध गराएकोमा उक्त संस्थाले चर्नावती वृद्धाश्रमको को निर्माण सम्पन्न गर्न निर्माण व्यवसायी ओम बुद्ध माहागौरी जे. भी. संग २०७३/८/२१ मा रु.२५६९१६६२.२२ मु.अ.कर सहितको संझौता भएको देखिन्छ । गाउँपालिकाबाट २०७८/०३/३१ सम्म म्याद थप तथा भेरियसन स्वीकृत समेत संझौता रकम रु.२८५९२७५ पुगेको देखिन्छ। उक्त निर्माण कार्यमा हालसम्म रु. 28383774 को कार्य भई निर्माण सम्पन्न भएको देखिन्छ ।हालसम्मको कार्य रु 28383774 मा विगतमा भएको भुक्तानी भएको रु१६१२०७७२ कटाई यस वर्ष रु. 12263002.41 भुक्तानी भएकोमा देखिएको व्यहोरा निम्न छ। क) निर्माण कार्य संस्था मार्फत भएकोमा गाँउपालिकाले अनुगमन गरी ठेक्काको शर्त तथा नियम अनुसार कट्टी गर्नुपर्ने धरौटी , मू अ कर तथा आय कर कट्टी भए नभएको सम्वन्धमा एकिन गर्नुपर्दछ साथै सार्वजनिक खरिद नियमाववली ,२०६४ को नियम १२५ अनुसार जाँचबुझ गरी कायसम्पन्न प्रतिवेदन तयार गर्नुपर्दछ। ख) आर्थिक वर्षको अन्त्यमा २०७८/३/३१ बाट उक्त संस्थालाई रु.१३५०००००० अनुदान उपलब्ध गराएकोमा ठेक्का विल अनुसार यस वर्ष रु.१२२६३००२.४१ को मात्र कार्य सम्पन्नको आधारमा रु.12263002 को भुक्तानी गरी बाँकी रहेको र सो मध्ये पनि रु ५४०००० को कन्टेन्जेन्सी बापत खर्च गरेको विवरण पेश भएको छ ।अत : सस्थामा खुद बाँकी रहेको रु. ६९६९९८ को हिसाव पेश नभएको हुदा बाँकी रकम केन्द्रिय खातामा फिर्ता गर्नुपर्ने	६९६,९९८

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
७३			**बाघखोर स्वास्थ्य चौकी** आधारभूत अस्पताल भवन निर्माण सम्बन्धि निर्देशिका, २०७७ र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको च.नं.३९३, मिति २०७७।०८।२३ को पत्रानुसार आधारभूत स्वास्थ्य चौकी निर्माण सम्बन्धि परिपत्रमा अस्पताल भवन निर्माणको कार्य टेण्डर आव्हान गरी मिति २०७७ पौष मसान्त भित्र गराउनुपर्ने उल्लेख छ। पालिकाले बाघखोर स्वास्थ्य चौकीलाई ५ सैयाको स्तरोन्नति गर्नका लागि उपभोक्ता समिति गठन गरी रु.७० लाखको लागत ईष्टिमेट बमोजिम कार्य गरी रु.६७२०००० भूक्तानी गरेको छ।यसरी भवन निर्माण सम्बन्धि निर्देशिकाको मर्म बिपरीत उपभोक्ता समितिबाट निर्माण गराउने कार्य नियमित देखिएन। यस सम्बन्धमा पालिकाले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको परिपत्र अघि नै उपभोक्ता समितिबाट निर्माण कार्य सुचारू गरेको कारण ठेक्का प्रकृया द्वारा निर्माण कार्य गराउन नसकेको जनाएको छ। अतः निर्देशिकाको निर्देशित मापदण्ड बमोजिम भवन निर्माण भए, नभएको अनुगमन गरी प्रतिवेदन पेश गर्नुपर्ने रु	६,७२०,०००
७४			**दोहोरो खर्च** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) मा बिल भरपाईको औचित्यताको आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ।पोषण सहजकर्ता छनौट समितिको बैठक भत्ता बापत भुक्तानी गर्दा दोहोरो भत्ता वितरण भएको र राजु प्रसाद शाहले रकम नवुझेको हुदा दोहोरो भुक्तानी भएको रकम र हस्ताक्षर नगरी वितरण गरेको रकम सहित रु १२३७५ असुल गरी दाखिला गर्नुपर्ने रु.	१२,३७५
७५			**भम्रण खर्च** भ्रमण खर्च नियमवली, २०६४ को नियम १० को उपनियम ३ (घ) बमोजिम सरुवा बढ्वा वा कायम मुकायम मुकरर भई खटिएको कार्यालयमा हाजिर हुन जाने अधिकारीले परिवार लैजाने प्रायोजनका लागि निजले खण्ड (क) र(ख) बमोजिम पाउने व्यवस्था छ। जसमा परिवरलाई फुटकर खर्च दिन पाउने व्यवस्था नभएकोमा परिवारका अन्य सदस्यलाई पनी फुटकर दिएकोले सो रकम प्रमाण पेश गर्नुपर्ने रु.	१३,७५०
७६			**यातायात खर्च** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा बिल भरपाई को औचित्यताको आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ। पालिकाले कार्यालय परिसर भित्रै सम्पन्न भएको केहि कार्यक्रममा समेत सहभागीता जनाएको भनि पदाधिकारी तथा कर्मचारीले यातायात खर्च लिएको देखिन्छ । अत यस प्रकारको खर्च गर्ने परिपाटीमा सुधार गर्नुपर्दछ ।	
७७			सम्परिक्षण स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजू फछ्यौट गर्ने व्यवस्था गरेको छ । सोही ऐनको दफा ८४(२)(घ) बमोजिम वेरुजू फछ्यौट गर्ने, गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था गरेको छ। कार्यालयले गत विगत वर्षसम्मको बेरुजू मध्ये रु ३३८४८३५४ लेखापरीक्षण डोरमा सम्परीक्षणको लागि अनुरोध गरेकोमा प्रमाण कागजातको आधारमा रु. ३३८४८३५४सम्परीक्षण भएको छ।	

आर्थिक वर्ष	बेरुजु दफा	बेरुजु संक्षिप्त व्यहोरा	बेरुजु रकम	फछ्यौट गरिएको आधार र व्यहोरा	संपरिक्षणको लागि पेश भएको रकम	संपरीक्षण भएको रकम
२०७६/७७	२	जिम्मेवारी फरक परेको	७४४२६१२	हिसाब मिलान गरेको प्रमाण पेश गरेको	७४४२६१२	७४४२६१२
२०७६/७७	३५	दाखिला गर्न बाँकी राजस्व	४१५२४५	राजस्व बैंक दाखिला भएको प्रमाण पेश	४१५२४५	३७४२४५

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय									बेरुजु रकम
				२०७६/७७	३७.१	धरौटी खातामा दाखिला गर्नुपर्ने रकम	४०००५	बैंक दाखिला गरेको प्रमाण पेश	४०००५	४०००५		
				२०७६/७७	३९	दाखिला गर्न बाँकी कर	११५२२	बैंक दाखिला गरेको प्रमाण पेश	११५२२	११५२२		
				२०७६/७७	४४	घटी बिल रकम	१२४४६	बिल, भर्पाईको प्रमाण पेश	१२४४६	१२४४६		
				२०७६/७७	६४.१	सामाजिक सुरक्षा दोहोरो भुक्तानी	२४०००	असुल गरी बैंक दाखिला गरेको पेश प्रमाण	२४०००	२४०००		
				२०७६/७७	७१.७	विद्यालयलाई बढी निकासा	३९६२४	असुल गरी बैंक दाखिला गरेको पेश प्रमाण	३९६२४	३९६२४		
				२०७६/७७	७२.१	म्याद नाघेको पेश्की बाँकी	२५८९१९००	कार्यालयले पेश्की फछ्र्योट गरी संपरीक्षणका लागि पेश गरेको	२५८९१९००	२५८९१९००		
				२०७६/७७	७४.१	सामाजिक सुरक्षा भत्ता दोहोरो भूक्तानी	१२०००	असुल गरी बैंक दाखिला गरेको पेश प्रमाण	१२०००	१२०००		
				276/077	24	अनुदान	360907	गाँउसभाबाट नियमित गरी	360907	360907		

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

				प्रमाण पेश भएको		
जम्मा			३३८८९३५४	जम्मा	३४२०९२६१	३४२०९२६१

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
७८			अनुगमन गत वर्षको प्रतिवेदनमा आयोजना कार्यान्वयन, सोझै खरिद, बिल भरपाई, स्रेस्ता पेस नभएको, बैङ्क समायोजन, अग्रिम कर, बढी भुक्तानी, अधुरो निर्माण, नभएको कामको भुक्तानी, कर वीजक, सवारी साधन खरिद, ठेक्का स्वीकृति र ओभरहेड लगायतका व्यहोरा औंल्याइएकोमा यो वर्ष पनि सुधार गरेको पाइएन । बेरुजू व्यहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्ने देखिन्छ ।	
७९			बेरुजुको अध्यावधिक अवस्था स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फछ्यौंट गर्ने व्यवस्था रहेको छ। सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फछ्यौंट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । पालिकाबाट गत विगत वर्षको बेरुजू फछ्यौंटको तथा अध्यावधिक बेरुजूको स्थिति निम्नानुसार देखिएको छ ।	

गत वर्षसम्मको बाँकी बेरुजू (A)	यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B)	यो वर्ष कायम बेरुजू(C)	संपरीक्षणबाट कायम बेरुजू(D)	अध्याविधक बाँकी बेरुजू (E=A-B+C+D)